मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ११५ ★ ने. सं. ११४४ बछला थ्व, नवमी ★ शुक्रबार ★ ४ जेठ, २०८१ ★ May 17, 2024, Friday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## प्रतिनिधिसभाको बैठकमा धक्कमधक्का !

काठमाडौँ, ३ जेठ । प्रतिनिधिसभाको बिहीबार ११ बजे सुरू हुने गरी स्थगित भएको बैठक अपरान्ह १२ बजे सूचना टाँसेर साँझ ४ बजेको लागि सारियो । साँझ ४ बजेको बैठक साँझ ६ बजे सुरू गरियो । सभामुख देवराज घिमिरेले बैठक सुरू भएको घोषणा गर्न लाग्दा नेकाका सांसदहरू सभामुखको अगाडि पुगेर नारा लगाए ।



नेकाका सांसदहरूले गृहमन्त्री र वि लामिछानेलाई सङ्केत गर्दै 'सहकारी ठगलाई कारबाही गर' 'संसदीय छानबिन समिति गठन गर' लगायत नारा लगाए । राजमोका चित्रबहादुर केसी आफ्नो स्थानमा उभेर बैठक अवरोधमा सामेल भए । सभामुख घिमिरेले राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएका खाद्य स्वच्छता विधेयकबारे बैठकलाई जानकारी दिनुभयो । जसपा नेपालका उपेन्द्र यादव, जनमत, लोसपा, राप्रपाका सांसदहरू पनि आ-आफ्नो स्थानमा उभेर नेकाको संसद् अवरोधलाई साथ दिए । सभामुख घिमिरे केही बेर मौन रहनुभयो र नेकाको नारा लागिरहेको थियो । सभामुख घिमिरेले राष्ट्रपतिबाट प्राप्त पत्रअनुसार जसपा (अशोक राई) का प्रदीप यादव स्वास्थ्यमन्त्री र हसिना खाणलाई स्वास्थ्य राज्यमन्त्री नियुक्ति गरिएको वाचन गर्नुभयो । नेकाको नारा लागिरहेको बेला सभामुख घिमिरले गृहमन्त्री रवि लामिछानेलाई बोल्न समय दिनुभयो । नेकाका सांसदहरू गृहमन्त्री लामिछानेलाई रोष्ट्रममा जान नदिन परिपरि घेरेर बसे ।

एकछिन अघि एमालेका केपी ओली बैठकमा पुगेका थिए । नेकाका सांसदहरू गृहमन्त्रीलाई रोक्न घेरा दिन पुगे । नेकाका सांसदहरूको एमालेका केपी ओलीसँग पनि भनाभन भयो । लोसपाका सांसद पनि सभामुखको अगाडि पुगेर नेकासँग मिसियो । सत्तापक्षले गृहमन्त्रीलाई बोल्न रोष्ट्रममा पठाउने र प्रमुख विपक्षीले रोक्ने प्रयास भइरहेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल आफ्नो स्थानमा थिए । बैठकमा सत्तापक्ष र प्रतिपक्षबिच धक्कमधक्का हुने अवस्था आएपछि सभामुख घिमिरेले गृहमन्त्रीलाई आफ्नो स्थानमा बस्न आग्रह गर्नुभयो । तत्पश्चात् सभामुख घिमिरेले बैठक जेठ ४ गते बिहान ११ बजेको लागि स्थगित गर्नुभयो । तर, सत्तापक्ष र प्रमुख विपक्षीबिच भनाभन चालु नै थियो । सत्तापक्षले प्रमुख विपक्षीलाई आफ्नो क्षेत्रको कुर्सीतर्फ आएर गृहमन्त्रीलाई रोक्न आएको उचित नभएको विषय उठाए भने प्रमुख विपक्षीले सत्ता पक्षले जबरजस्त बैठक चलाउन लागेको आरोप लगायो । बैठक स्थगित भएको २ मिनेटपछि मात्र तनाव घटेको थियो ।

देशको यो अराजक अवस्थाको मूल कारण सिद्धान्तहीन निर्वाचन गठबन्धन नै हो । २०७४ सालको स्थानीय निर्वाचनमा नेका र माओवादीको सिद्धान्तहीन निर्वाचन गठबन्धन गरियो भने २०७४ सालकै सङ्घीय संसद्को निर्वाचनमा एमाले र माओवादीको सिद्धान्तहीन निर्वाचन गठबन्धन भयो । २०७९ को स्थानीय र सङ्घीय निर्वाचनमा नेका र माओवादीको सिद्धान्तहीन गठबन्धन भयो । सिद्धान्तहीन निर्वाचन गठबन्धन गराउने निर्वाचन आयोग पनि अहिलेको अराजकताको जिम्मेवार हो । सत्तापक्ष र प्रमुख विपक्षीका अधिकांश सांसदहरूले काठमाडौँ उपत्यकामा घर-जग्गा किनेका छन् । निर्वाचनको बेला आ-आफ्नो जिल्ला र निर्वाचन क्षेत्रलाई 'स्वर्ग' बनाउने बाचा गरेका सांसदहरू आफ्ना मतदातालाई बेवास्ता गरी सङ्घ र प्रदेश राजधानीमा घर-जग्गा किन्ने होडबाजीमा लागिरहेका छन् । युवालाई विदेश पठाउने र रेमिट्यान्सबाट भारतसँग दाल, चामल, तरकारी किनेर खाने सरकारहरूको कुबुद्धिको परिणाम अहिले नेपाली जनता दुःख पीडामा छन् । सङ्घीय राजधानी दाङ जिल्लामा सारेर देशको सन्तुलित विकास गरिए अहिलेको अराजकता कम हुने विश्वास गर्न सकिन्छ ।

राष्ट्रियसभाको बैठक पनि नेकाको अवरोधपछि स्थगित गरिएको थियो ।

## भक्तपुर नपाका प्रमुख प्रजापति र जापानको ओइजुमी नगरका प्रमुख तोसिआकीबिच भेट



भक्तपुर, ३ जेठ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग जापानको गुन्मा प्रान्तस्थित ओइजुमी नगरका नगर प्रमुख मुरायामा तोसिआकीले बिहीबार भक्तपुर नपाको बैठक कक्षमा भेटवार्ता गर्नुभएको छ ।

नगर प्रमुख तोसिआकीको नेतृत्वमा आएको प्रतिनिधिमण्डल टोलीलाई भक्तपुरमा स्वागत गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुरको सांस्कृतिक र ऐतिहासिक परिचयबारे अवगत गराउनुभयो ।

भक्तपुरलाई सांस्कृतिक र शैक्षिक केन्द्रको रूपमा विकास गर्ने उद्देश्यअनुसार काम गर्दै आएको बताउँदै उहाँले भक्तपुर घुम्न आउने स्वदेशी र विदेशी पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै गएको बताउनुभयो ।

उहाँले नेपाल र जापान दुवै भूकम्पको जोखिममा परेको मुलुक हुँदा भूकम्पबाट जोगिन नेपालले जापानबाट धेरै कुरा सिक्नुपर्ने सो अवसरमा उल्लेख गर्नुभयो । भूकम्पमा नेपाललाई सहयोग गरेकोमा धन्यवादज्ञापन गर्नुभयो ।

फोहरमैला व्यवस्थापनमा जापानले प्रगति गरेको हुँदा काठमाडौँ उपत्यकाको फोहर व्यवस्थापनको लागि नेपाल सरकार र जापान सरकारबिच छलफल गर्न पाए देशकै लागि राम्रो हुने उहाँले बताउनुभयो ।

भेटमा ओइजुमी नगरका प्रमुख तोसिआकीले दुई नगरबीच सहयोग संयन्त्र बनाएर अनुभव आदानप्रदान गर्न सकिने बताउँदै जापानको ओइजुमी नगर औद्योगिक नगर भएको जानकारी दिँदै विश्व प्रसिद्ध गाडी निर्मार्ता कम्पनीहरू त्यस नगरमा रहेको बताउनुभयो ।

उहाँले २०७२ सालको भूकम्पको बेला आफ्नो नगरको साथै आफूले पनि नेपाललाई सहयोग गरेको बताउनुभयो ।

ओइजुमी सहर अत्यन्त सुरक्षित रहेको र त्यहाँ ५२।५३ वटा देशका नागरिकहरू बसोबास गर्छन् भन्नुभयो । उहाँले आफ्ना पार्टीका नेताहरू विभिन्न आर्थिक अनियमितताका मुद्दाहरू झेलिरहेका पनि सो अवसरमा जानकारी दिनुभयो । आफ्नो सहर सबभन्दा पहिले भेदभाव अन्त्य भएको सहर हो उहाँले भन्नुभयो ।

भेटपश्चात् प्रतिनिधिमण्डल टोलीले भक्तपुरका ऐतिहासिक एवम् सांस्कृतिक महत्त्वका प्राचीन सम्पदाहरूको स्थलगत अवलोकन गर्नुभएको थियो ।

त्रिभुवन विश्वविद्यालय,
भक्तपुर बहुमुखी क्याम्पस
दूधपाटी भक्तपुर, फोन नं: ०१६६१०२००
ई-बोलपत्र आह्वानको सूचना
प्रथम पटक प्रकाशित मिति २०८१।०२।०४

यस क्याम्पसमा निम्नानुसारको निर्माण कार्य बोलपत्रबाट गर्नु गराउनुपर्ने भएकोले इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कारोबारको इजाजत, फर्म दर्ता, आयकर, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रहरूको प्रतिलिपि, आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले निम्न अवधि सम्म www.bolpatra.gov.np\egp मा दर्ता गर्न आह्वान गरिन्छ । यस सूचनामा छुट हुन गएमा अन्य कुराहरू, त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरीदसम्बन्धी नियम २०५० र सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली २०६४ बमोजिम हुनेछ । तपशिलका कार्यको बोलपत्रको विवरण www.bolpatra.gov.np\egp मा प्राप्त गर्न सकिनेछ । यससम्बन्धी विस्तृत विवरण क्याम्पसको सूचना पाटीमा हेर्न सकिनेछ ।

| सिनं | विवरण | ठेक्का नं. | खरिद विधि | लागत अनुमान रकम (मू.अ.क.सहित) | बोलपत्र दस्तुर रकम (रू) | बोलपत्र जमानत रकम (रू) | पेस गर्ने अवधि | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | Construction of Library Study Room with Supply & Fixing of Library Rack, Attached Toilet for Campus Chief, Protection Wall, etc. | BKMC/ WORKS/ NCB/07/ 2080/081 | ई-बोलपत्र | ७९,८८,७१०.२१ | ३,०००।- | २००,०००।- | ३१ औँ दिनको १२:०० सम्म | ३१ औँ दिनको १:०० बजे |

बालबालिकाप्रति असल व्यवहार गरौं

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पुरातात्त्विक सम्पदा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण सुरु




भक्तपुर, ३ जेठ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रदेश सुशासन केन्द्र, वाग्मतीको आयोजनामा भएको स्थानीय तहका पुरातात्त्विक सम्पदा, संस्कृति तथा पर्यटन हेर्ने पदाधिकारी र पुरातात्त्विक सम्पदा तथा पर्यटन शाखामा कार्यरत कर्मचारीहरूको लागि पुरातात्त्विक सम्पदा व्यवस्थापनसम्बन्धी अभिमुखीकरणको ब्यानर वाचन गरी कार्यक्रमको उद्घाटन गर्नुभयो ।

प्रमुख प्रजापतिले ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरमा २१ वटा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई स्वागत गर्दै तीन दशक अगाडि शिक्षा र स्वास्थ्यमा पिछडिएको अवस्थामा रहेको भक्तपुर नगरलाई देशकै नमुना स्थानीय तह बनाउन जनप्रतिनिधि र कर्मचारीहरू अगाडि बढिरहेको जानकारी दिनुभयो । उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने लक्ष्यअनुसार नगरपालिकाले ६०० जना विद्यार्थीलाई ५ लाखसम्मको शैक्षिक ऋण प्रदान गर्दै आइरहेको; इतिहास, भूगोल, नेपालभाषा, राजनीतिशास्त्र र अर्थशास्त्र पढ्ने विद्यार्थीहरूलाई स्नातक तह र सोभन्दा माथिको अध्ययन गर्न पूर्ण छात्रवृत्ति प्रदान गर्दै आइरहेको, नगरपालिकाअन्तर्गत ७ वटा शैक्षिक संस्थाहरूमा देशका ७७ जिल्लाका ७ सय विद्यार्थीहरू अध्ययनरत रहेको जानकारी दिनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाको आफ्नै सय शय्यासहितको अस्पताल सञ्चालन गर्दै आइरहेको जानकारी दिँदै ख्वप अस्पतालमा गत आ.व.मा ७५ जिल्लाका १ लाख २५ हजारभन्दा बढी बिरामीले सेवा लिइसकेको र चालु आ.व.को १० महिनामा १ लाख ८० हजारभन्दा बढी बिरामीहरू लाभान्वित भइसकेको बताउनुभयो । उहाँले भक्तपुर नगरभित्रका नगरवासीले २० मिनेटको दूरीमा स्वास्थ्य सुविधा पाइरहेको जानकारी दिँदै हाल देशकै एकमात्र छाती पुनर्स्थापना केन्द्र एवम् ख्वप तिलगंगा आँखा अस्पतालमार्फत सेवा प्रदान गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरमा पुरातात्त्विक र सांस्कृतिक परिवर्तनसमेत भएको उल्लेख गर्दै विगत ७ वर्षमा १४५ वटा सम्पदाहरू पुन:निर्माण भएको जानकारी दिनुभयो । उपभोक्ता समितिमार्फत गरेका निर्माण कार्यमा स्थानीय स्रोत, साधन र सीपका साथै गुणस्तर तथा अपनत्व कायम हुने भएकोले यस मोडलमा विकास निर्माण र सम्पदा संरक्षण गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेश, प्रदेश सुशासन केन्द्रका निर्देशक गीता गुरुङले भक्तपुर नगरपालिकाले गरिरहेको सम्पदा संरक्षण कार्यको चर्चा गर्दै अन्य स्थानीय तहले पनि सम्पदा संरक्षणलाई महत्त्व दिई यसलाई आम्दानीको स्रोतको रूपमा अगाडि लानुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले जनप्रतिनिधिहरूको मार्गदर्शनअनुसार कार्य गर्नु कर्मचारीहरूको दायित्व हो भन्नुभयो ।

उद्घाटन कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, प्रशिक्षक एवम् पुरातत्त्व विभागका पूर्वमहानिर्देशक भीमप्रसाद नेपाल र प्रदेश सुशासन केन्द्रका उपनिर्देशक विनोद विडारीलगायतको उपस्थिति थियो ।

# सहकारीहरूमा अनुगमन

भक्तपुर, ३ जेठ । भक्तपुर नगरपालिका वडा नं. १ स्थित सहकारीहरूमा बिहीबार भक्तपुर नपाले अनुगमन गरेको छ ।

सहकारी संस्थाका सञ्चालक समिति र लेखा समितिका पदाधिकारीका साथै व्यवस्थापकलाई अनुगमनमा उपस्थिति भई आवश्यक कागजात उपलब्ध गराउन पत्राचार भएकोमा सञ्चालक समितिका २ र लेखा समितिका १ जना मात्रै उपस्थित भई अन्य पदाधिकारी उपस्थित नभएको र आवश्यक कागजात उपलब्ध नगराएको सहकारी अनुगमन समितिका संयोजक एवम् वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले बताउनुभयो ।

उपलब्ध भएका कागजातहरूमा र भक्तपुर नपालाई उपलब्ध गराएको कागजात भिडान गरी हेर्दा बचत, ऋण, बैङ्क मौज्दातहरू एक-आपसमा फरक देखिएको संयोजक बासुकलाले बताउनुभयो ।

अनुगमनको क्रममा संयोजक हरिप्रसाद बासुकला, सदस्यहरू नारायणप्रसाद त्वानाबासु, हरिरत्न गोर्खाली, श्यामसुन्दर मातां र सहकारी शाखाका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

# सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा उच्च अदालतको सफाइ

**- सुवास तामाङ**

भक्तपुर, ३ जेठ । क्रिकेट खेलाडी सन्दीप लामिछानेले बलात्कार मुद्दामा उच्च अदालत पाटनबाट सफाइ पाएका छन् ।

मङ्गलबारबाट सुरु भएको सुनुवाइ बुधबारसम्म चलेको थियो । काठमाडौँ जिल्ला अदालतको फैसलालाई नकार्दै क्रिकेट खेलाडी सन्दीप लामिछानेको तर्फबाट अधिवक्ता रामनारायण विडारी, रमण श्रेष्ठले बहस गरेका थिए ।

बालिकाका प्रतिनिधि, गौशाला - २६ का सरकारी अधिवक्ताले पनि आफ्नो मुद्दा पेस गरेका थिए ।

यसअघि जिल्ला अदालतले गत पुस १३ गते सन्दीपलाई बलात्कार मुद्दामा दोषी ठहर गर्दै आठ वर्ष कैद सजाय सुनाएको थियो । उनलाई तीन लाख जरिवाना र पीडितलाई दुई लाख क्षतिपूर्ति भराउन पनि आदेश दिएको थियो । यसविरुद्ध सन्दीप उच्च अदालत पुगेका थिए । उनले गत फागुन १० मा पुनरावेदनका लागि निवेदन दिएका थिए ।

त्यस्तै, सजाय कम भएको भन्दै उच्च सरकारी वकिलको कार्यालय पनि उच्च अदालत पुगेको थियो । उच्च सरकारी वकिलको कार्यालय गत चैत २ मा पुनरावेदन गएको थियो ।

दुवै निवदेनमाथि सुनुवाइ गर्दै उच्च अदालतले सन्दीप लामिछानेलाई सफाइ दिएको हो । उच्च अदालतले जिल्ला अदालतको कैद सजाय गर्ने फैसला उल्टाएको हो ।

***प्रशिक्षार्थी***

# दीपेन्द्र टी-२० तालिका १० मा र नेपाल टी-२० तालिकामा १७ स्थानमा

**- दीपक सलामी मगर**

भक्तपुर, २ जेठ । नेपाली क्रिकेटका अलराउन्डर खेलाडी दीपेन्द्र सिंह एरी अन्तर्राष्ट्रिय क्रिकेटको टी-२० अलराउन्डर तालिकामा १० स्थानमा पुगेका छन् । दीपेन्द्रले उक्त तालिकामा आफ्नो एक स्थान सुधार गरेका हुन् ।

दीपेन्द्र तालिका १० मा एसोसिएटको एक्लो अलराउन्डर हुन् । टी-२० को अलराउन्डरतर्फ कुशल मल्ल ३२ औँ स्थानमा, गुलशन झा ६० औँ स्थानमा र करण केसी ७४ औँ स्थानमा छन् ।

टी-२० को बलिङको वरियता क्रममा सोमपाल कामी ९२ औँ स्थानमा छन् भने ब्याटिङतर्फ दीपेन्द्र ५० औँ स्थानमा छन् ।

रोहित पौडेल ६१ औँ स्थानमा पुगेका छन् र आसिफ शेख ८७ औँ स्थानमा पुगेका छन् । नेपाल टी-२० आईसीसीको तालिकामा १७ औँ स्थानमा छ ।

***प्रशिक्षार्थी***

# काठमाडौँ उपत्यकाको तापक्रम ३२ डिग्री सेल्सियस पुग्ने पूर्वानुमान

काठमाडौँ, ३ जेठ । हाल देशमा पश्चिमी र स्थानीय वायुको प्रभाव रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले कोसी र मधेस प्रदेशसहित पहाडी भागमा आंशिक बदली रही बाँकी तराई क्षेत्रमा मौसम मुख्यतया सफा रहेको बताएको छ ।

विभागका अनुसार बिहीबार दिउँसो कोसी, वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागमा आंशिक बदली रही बाँकी भागमा मौसम मुख्यतया सफा रहने छ । कोसी प्रदेशका पहाडी क्षेत्रका केही स्थानका साथै वाग्मती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन, हुरीबतास एवं चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ । कोसी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानहरूमा हल्का हिमपातको सम्भावना पनि छ ।

त्यसैगरी, बिहीबार राति कोसी, मधेस र प्रदेशलगायत कर्णाली प्रदेशका पहाडी भागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहनेछ । कोसी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन, हुरीबतास एवं चट्याङसहित हल्का वर्षा हुनसक्नेछ ।

आगामी २४ घण्टामा कोसी प्रदेशका पहाडी भागका केही स्थानका साथै वाग्मती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन, हुरीबतास एवं चट्याङसहित हल्का वर्षाको सम्भावना छ । कोसी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जनाउँदै विभागले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने भएकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

अहिले काठमाडौँ उपत्यकाको तापक्रम १९ डिग्री सेल्सियस मापन गरिएको छ । बिहीबार यहाँको अधिकतम तापक्रम ३० देखि ३२ डिग्री सेल्सियसकाबिच रहने विभागको पूर्वानुमान छ । ***रासस***

# भक्तपुर अस्पतालमा पाठेघर खस्ने रोगको नि:शुल्क उपचार

भक्तपुर, ३ जेठ । भक्तपुर अस्पतालले पाठेघर खस्ने समस्या भएकाहरूको नि:शुल्क उपचार एवं शल्यक्रियाको व्यवस्था गरेको छ । उक्त अस्पतालकी निर्देशक डा. सुमित्रा गौतमले आजदेखि पाठेघर खसेकाहरूको नि:शुल्क उपचार एवं शल्यक्रिया सुरु भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “धेरै महिला पाठेघर खस्ने समस्याबाट पीडित हुनुहुन्छ, कतिपयले लोकलाजका कारण रोग लुकाएका छन् भने कतिपयले आर्थिक समस्याका कारण शल्यक्रिया गर्न सकेका छैनन्, हामी त्यस्ता सबै बिरामीलाई रोग लुकाएर नबस्न आग्रह गर्दछौँ ।” आर्थिक अभावका कारण उपचार गराउन असमर्थहरूलाई नि:शुल्क उपचार, शल्यक्रिया एवं उचित परामर्शको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

आफ्नै नेतृत्वमा पाठेघरको उपचार एवं शल्यक्रिया सुरु गरेको जानकारी दिँदै उहाँले अस्पतालले बिहीबारदेखि असारसम्म पाठेघरको उपचारमा नि:शुल्क सेवा प्रवाह गर्ने बताउनुभयो । ***रासस***

# कर्णाली प्रदेशसभाको चौथो अधिवेशन आह्वान

कर्णाली, ३ जेठ । कर्णाली प्रदेशसभाको चौथो अधिवेशन आह्वान गरिएको छ । कर्णाली प्रदेश प्रमुख तिलक परियारले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम यही जेठ ११ गते शुक्रबार दिउँसो ३ बजे बस्ने गरी प्रदेशसभाको अधिवेशन आह्वान गर्नुभएको हो ।

प्रदेश प्रमुखले चौथो अधिवेशन आह्वान गरेसँगै बिहीबार कर्णाली प्रदेशसभा सचिवालयले सम्पूर्ण प्रदेशसभा सदस्यलाई जानकारीका लागि सूचना गरेको छ ।

# ‘लु’ बाट बच्न जनचेतना बढाउन आवश्यक

काठमाडौँ, ३ जेठ । ‘लु’ (तातो हावाको लहर) बाट बच्नका लागि व्यापक जनचेतना तथा प्रचारप्रसार गर्न आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बिहीबार आयोजना गरेको ‘लु’ को प्रभाव र पूर्वतयारीसम्बन्धी संवाद कार्यक्रममा उनीहरूले ‘लु’ बाट बच्न व्यापक जनचेतना जरुरी रहेको बताएका छन् ।

प्रत्येक जिल्लामा जनचेतना बढाउनको लागि निर्देशन र गर्मीबाट बच्न जीवनजल वितरणको कार्यक्रम अगाडि बढाउनुपर्छ ।

विभागका वरिष्ठ मौसमविद् शान्ति कँडेलले जलवायु परिवर्तनको असरका कारण विश्वमा तापमान बढ्दै गइरहेको भन्दै समयमा नै न्यूनीकरणका उपाय अवलम्बन गर्न नसकेमा तातो हावाको असर अझै बढ्नसक्ने बताउनुभयो । “विश्वमा बढिरहेको तापक्रमका कारण नेपाल पनि अछुतो छैन, नेपालमा औसतमा शून्य दसमलव ०५२ डिग्री सेल्सियस अधिकतम तापक्रम बढ्दै छ । हिमाल पग्लदै गइरहेको छ,” उहाँले भन्नुभयो, “कसरी तातो हावाको प्रकोपबाट बच्ने भन्ने विषयमा गम्भीर हुन नसकेमा दिनानुदिन तराईका बासिन्दामा असर पर्दै जानेछ ।”

जनस्वास्थ्यविद् डा. समीर अधिकारीले तातो हावाका कारण मानिसको शारीरिक तथा मानसिक स्वास्थ्यमा असर पुग्नसक्ने भन्दै ‘लु’ बाट बच्ने उपाय अवलम्बन गर्न जरुरी रहेको जानकारी दिनुभयो । “लुका कारण श्वास फेर्न गाह्रो हुन्छ । रगतजन्य समस्या आउन सक्छ । शरीरमा घाउ हुनसक्छ,” उहाँले भन्नुभयो, “ब्लडप्रेसरको समस्या बढ्नसक्छ, आँखाको समस्या हुन सक्छ र कालान्तरमा मानिसको मृत्यु हुनसक्छ ।”

डा. अधिकारीले पनि व्यापक जनचेतना र जनसहभागिता तथा समन्वय गरेर लु व्यवस्थापनको काम गर्नुपर्नेमा जोड दिनुभएका छ । लुबाट कसरी सुरक्षित गर्ने ? कसरी पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्ने ? भन्ने विषयमा कार्यक्रम तय गर्न आवश्यक रहेको उहाँको भनाइ छ । उहाँका अनुसार गर्मीका कारण शरीरमा आलस्य बढ्नसक्छ । ***रासस***

# जनजाति सङ्ग्रहालय अधुरै

गलकोट (बागलुङ), ३ जेठ । बागलुङको काठेखोला गाउँपालिकाले गौरवको योजनाका रूपमा रहेको जनजाति सङ्ग्रहालय छ वर्षदेखि अधुरै रहेको छ । विसं २०७५ देखि सुरु गरिएको काठेखोला-४ तङ्ग्रामस्थित जनजाति सङ्ग्रहालय बजेट अभावमा अधुरै रहेको छ ।

तङ्ग्राममा रहेका जनजातिको पहिचान, भाषा, वेषभूषा र संस्कृतिलाई सङ्ग्रहित गर्ने उद्देश्यले जनजाति सङ्ग्रहालय निर्माणमा गाउँपालिकाले थालनी गरेको थियो । गाउँपालिकाबाट 'एक वडा एक गौरवको योजना' अन्तर्गत हालसम्म झन्डै रु. ५८ लाख रकम खर्च भइसकेको छ ।

अहिले सङ्ग्रहालयको एकतला भवनमात्रै निर्माण भएको छ । उक्त एकतला भवनले अझै पूर्णता पाउन नसकेको हो । बजेट अभावमा भवनमा झ्याल तथा ढोकासमेत राख्न सकिएको छैन ।

सङ्ग्रहालय निर्माणसँगै आन्तरिक र बाह्य पर्यटक भित्र्याउने लक्ष्य राखिएको भए पनि गाउँपालिकाले बजेट अभावका कारण समयमै निर्माण गर्न नसकेको गाउँपालिकाका प्रवक्ता टीका सङ्गम विकले बताउनुभयो ।

गाउँपालिकाको एक वडा एक गौरवको योजनाअनुसार पर्यटन तथा जनजाति सङ्ग्रहालय निर्माण थाले पनि चालु आर्थिक वर्षमा गाउँपालिकाले बजेट विनियोजन गर्न सकेको छैन ।

प्रवक्ता विकले भन्नुभयो, "गौरवको योजनाका रूपमा गाउँपालिकाले लिएको जनजाति सङ्ग्रहालयमा पछिल्लो समय गाउँपालिकाले बजेट राख्न सकेको छैन, प्रदेश सरकारसँग समन्वय भइराखेको छ, आगामी आर्थिक वर्षमा सके प्रदेशबाट नसके गाउँपालिकाबाट थोरै रकम भए पनि विनियोजन गरेर एक तला भवनलाई पूर्णता दिने योजनामा गाउँपालिका छ । गाउँपालिकाले नै रु. ५८ लाख खर्चेको भवनलाई अलपत्र छाड्ने भन्ने हुँदैन तर बजेट अभावले ढिलाइ भएकै छ, आगामी वर्ष पूर्णता पाउँछ, त्यसपछि तला थप गर्ने अथवा सङ्ग्रहालय सञ्चालन गर्ने भन्ने विषयमा गाउँपालिकाले छलफल गर्छ ।"

जनजाति सङ्ग्रहालयका लागि गाउँपालिकाले २०७५ सालमा रु. पाँच लाख, २०७६ मा रु. २० लाख, २०७७ मा रु. १३ लाख, २०७८ मा रु. १५ लाख र २०७९ मा रु. पाँच लाख गरी रु. ५८ लाख खर्च गरिसकेको छ । सङ्ग्रहालयमा गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जाति-जनजातिको पहिचान झल्कने सामग्री राखिने भए पनि सङ्ग्रहालय निर्माणमा ढिलाइ भएको स्थानीय नरबहादुर विकले बताउनुभयो ।

उहाँले सङ्ग्रहालय बनेपछि गाउँमा पर्यटक आउने र आर्थिकरूपमा जीविकोपार्जनमा समेत टेवा पुग्ने भए पनि भवनको छ वर्षसम्म निर्माण नसकिएको हो । सङ्ग्रहालयमा गाउँपालिकाभित्र बसोबास गर्ने जातजातिको वेषभूषा, संस्कृति, रीतिरिवाज, परम्परा झल्किने वस्तु राखिने र गाउँपालिकाका जनजातिको लोपोन्मुख भाषा, संस्कृति तथा सामग्रीलाई झल्काउन मद्दत गर्ने गरी निर्माण थालिएको थियो । ***रासस***



तमोर नदी किनारमा रहेको मूलघाट बजारमा बिक्रीका लागि राखिएको उखु । *तस्बिर : विवेक मिश्र /रासस*

# दस महिनामा एक लाख ७७ हजार पर्यटकद्वारा अन्नपूर्ण क्षेत्रको भ्रमण

गण्डकी, ३ जेठ । पदयात्राका लागि प्रसिद्ध अन्नपूर्ण क्षेत्रमा विगत १० महिनामा एक लाख ७७ हजार एक सय ८२ विदेशी पर्यटक भित्रिएका छन् । गत चैतमा सबैभन्दा धेरै ३५ हजार दुई सय ६५ पर्यटकले सो क्षेत्रको भ्रमण गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना ( एक्याप) ले जनाएको छ ।

उक्त अवधिमा दक्षिण एसियाली मुलुकका ७९ हजार दुई सय ३२ र अन्य मुलुकका ९७ हजार नौ सय ५० पर्यटकले सो क्षेत्र घुमेका आयोजना प्रमुख डा. रविन कडरियाले जानकारी दिनुभयो । यो भेगमा असोज-कार्तिक र चैत-वैशाख पदयात्राका लागि उत्तम मानिन्छ । मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सतहमार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका उहाँले राससलाई बताउनुभयो ।

प्रमुख डा. कडरियाले भन्नुभयो, "मुख्य पर्यटकीय याममा अन्नपूर्ण क्षेत्रको पदयात्राका लागि आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्छ । यस क्षेत्रको पर्यटन कोभिड-१९ अघिकै अवस्थामा फर्किँदैछ, पछिल्लो समय तेस्रो मुलुकका पर्यटक बढी आइरहेका छन् ।" एक्यापले अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र अभिलेख राख्ने गरेको छ । सतहमार्ग भएर मुस्ताङ र मुस्ताङलगायत अन्य स्थानबाट आउने आन्तरिक पर्यटकको सङ्ख्या यकिन नै गर्न नसकिने उहाँले बताउनुभयो ।

अन्नपूर्ण चक्रीय पदमार्ग धेरै देशका पर्यटकको रोजाइमा पर्दै आएको छ । उहाँका अनुसार सन् २०२३ मा एक सय ७३ देशका एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । यो हालसम्मकै बढी हो । सन् २०१९ मा एक लाख ८१ हजार पर्यटकले यो क्षेत्रको भ्रमण थिए ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, ल्वाङ, घान्द्रुक गाउँ, तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायत पर्यटकीय गन्तव्यमा बर्सेनि लाखौँ आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् ।

हिमशृङ्खलासहितका आकर्षकस्थल, पर्यटनमैत्री पूर्वाधार, अनुकूल हावापानी, स्थानीयवासीको अतिथि सत्कार र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग विश्वका उत्कृष्ट गन्तव्यमध्येको एक भएको प्रमुख कडरियढा बताउनुहुन्छ । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो पदयात्रा गर्न सकिने 'एक्याप' ले जनाएको छ ।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, विविध संस्कृतिले भरिपूर्ण भएकाले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ । ***रासस***

## हार्दिक समवेदना



जन्म
२०२६/०२/२०

निधन
२०८१/०१/२४

**स्व. रितादेवी पलिखेल श्रेष्ठ**

यस संस्थाका सदस्यता नं. २४६ की सदस्य **रितादेवी पलिखेल श्रेष्ठ**को दु:खद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री बीरभद्रेश्वर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

गोल्मढी-७, भक्तपुर

# वीरगञ्ज सुक्खा बन्दरगाहबाट ४० अर्ब ८३ लाख राजस्व सङ्कलन

वीरगञ्ज (पर्सा), ३ जेठ । सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्जले चालु आर्थिक वर्षको १० महिनामा रु. ४० अर्ब तीन करोड ८३ लाख ३८ हजार राजस्व सङ्कलन गरेको छ ।

उक्त कार्यालयले आर्थिकमन्दीको कारणले बजार सुस्ताएको समयमा पनि लक्ष्यको ६० दसमलव ७२ प्रतिशत राजस्व सङ्कलन गरेको जनाएको छ ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख डा. रामप्रसाद मैनालीले चालु आर्थिक वर्षमा समग्र बजार सुस्ताएकाले अपेक्षाकृतरूपमा राजस्व सङ्कलन हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले समग्र मुलुकको बजार सुस्ताएको छ । माग कम भएपछि आयात पनि स्वत: घट्ने भयो ।" भन्सार विभागले कार्यालयलाई चालु आवको १० महिनाको अवधिमा रु. ५४ अर्ब २७ करोड २१ लख ३५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो भने कार्यालयले १० महिनाको अवधिमा भने रु. ४० अर्ब तीन करोड सङ्कलन गरेको छ ।

प्रमुख भन्सार अधिकृत मैनालीका अनुसार सुक्खा बन्दरगाहमा सबै सामान कार्गो रेलबाट ढुवानी हुने गरेको छ । विगतमा दैनिक तीन वटा कार्गो रेलबाट मालसमान आउने गरेकामा हाल दुई वटाबाट आउने गरेको छ । कार्गो रेलले एक पटकमा ६० वटा कन्टेनर ल्याउने गरेको छ ।

भन्सार विभागले कार्यालयलाई चालु आवमा रु. ६५ अर्ब ९४ करोड एक लाख २२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य तोकिदिएको भए तापनि कार्यालयले भने चालु आवमा लक्ष्यको ७० प्रतिशतको हाराहारीमा मात्रै राजस्व सङ्कलन हुने जनाइएको छ । प्रमुख भन्सार अधिकृत मैनालीले चालु आवमा आइरन ब्लेड र मदिराजन्य पदार्थको आयात कम भएकोले पनि राजस्व सङ्कलनमा घटेको बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँ विशेषगरी औद्योगिक कच्चा पदार्थ आयात हुने गर्छ तर विगतको तुलनामा यो वर्ष औद्योगिक कच्चापदार्थ आयात हुन भएको छैन । गर्मी याम सुरु हुँदा पनि एसी र छाताजस्ता सामानको आयात बढेको छैन, विगतमा यो सिजनमा एसी र छाताको आयात धेरै हुने गर्थ्यो यो वर्ष एसी र छाताको पनि आयात पनि बढ्न सकेको छैन ।"

कार्यालयले चालु आवको साउन महिनामा रु. चार अर्ब सात करोड राजस्व सङ्कलन गर्‍यो । भदौ महिनामा रु. चार अर्ब ५७ करोड र असोज महिनामा रु. चार अर्ब ४६ करोड राजस्व सङ्कलन गरेको थियो । उक्त कार्यालयले कार्तिक महिनामा रु. तीन अर्ब ६३ करोड, मङ्सिर महिनामा रु. चार अर्ब २८ करोड, पुस महिनामा रु. तीन अर्ब ७५ करोड राजस्व सङ्कलन गर्‍यो । कार्यालयले माघ महिनामा रु. तीन अर्ब ७४ करोड, फागुन महिनामा रु. तीन अर्ब ६२ करोड, चैत महिनामा चार अर्ब २८ करोड र वैशाख महिनामा रु. तीन अर्ब ५८ करोड राजस्व सङ्कलन गरेको जनाएको छ ।

भन्सार विभागले कार्यालयलाई गत आवमा रु. ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । तर, उक्त कार्यालयले रु. ४२ अर्ब ४० करोड २२ लाख ९३ हजारमात्र सङ्कलन गरेको थियो । ***रासस***

# सामुदायिक वनमा अवैधरूपमा सालका रुख कटानी

कञ्चनपुर, ३ जेठ । कृष्णपुर नगरपालिका-२ बाणीस्थित ग्वालावारी सामुदायिक वनमा अवैधरूपले सालका रुख कटानी गरेको पाइएको छ ।

सालको सुकेको खडा एक र ढलापडा एक गरी दुई रुख बुधबार कटान गरी गोलिया बनाइ तस्करी गर्नका लागि ठिक्क पारिएको अवस्थामा बरामद भएको डिभिजन वन कार्यालयका सूचना अधिकारी शिवराज अवस्थीले बताउनुभयो ।

खडा रुखबाट ११ र ढलापडा रुखबाट पाँच गरी १६ गोलिया आराको प्रयोग गरी काटेर राखिएको अवस्थामा फेला पारिएको उहाँले बताउनुभयो । बरामद काठ तीन सय १५ दसमलव ५० क्युबिक फिट रहेको छ । बरामद काठ बाणी सब डिभिजन वन कार्यालयमा राखिएको छ ।

सब डिभिजन वन कार्यालयले अवैधरूपमा काठ तस्करी गर्नका लागि रुख कटानी गर्नेहरूको पहिचान गर्न अनुसन्धानको कार्य अगाडि बढाएको जनाएको छ । सब डिभिजन वन कार्यालयले अनुसन्धान गरी तयार गरेको प्रतिवेदनका आधारमा कारबाही प्रक्रिया अगाडि बढ्ने सूचना अधिकारी अवस्थीको भनाइ छ ।

उहाँले भन्नुभयो, "काठ अवैधरूपमा कसले काटेको भन्नेबारे अनुसन्धान भइरहेको छ । चाँडै दोषीको पहिचान गरी कानुनी दायरामा ल्याउछौँ ।" यसअघि कृष्णपुर-२ कै गडबिजुला सामुदायिक वनमा अवैधरूपमा काठ कटान गरी तस्करी गरेको आरोपमा वनका पदाधिकारी पक्राउ परेका थिए । ***रासस***

।सम्पादकीय।

# शिक्षाविना देश विकास असम्भव

यो विज्ञान र प्रविधिको युगमा देशको लागि आवश्यक जनशक्ति तयार गर्न हरेक विषयको शिक्षाको अध्ययन तथा अनुसन्धानको आवश्यकता छ। हामीले जुनसुकै विषय अध्ययन गरे पनि विदेशीको सेवा गर्ने, विदेशी दलाल बनेर आयआर्जन गर्ने होइन। विदेशीको दलाल बनेर, ज्यामी बनेर देश विकास हुँदैन। आफ्नै देश र जनताको सेवा गर्ने उद्देश्यले अध्ययन गर्नुपर्छ। विदेशमा पढेर, अध्ययन गरेर, सिकेर आफ्नो श्रम, समय, सीप र अनुभव या ज्ञान आफ्नै देश र जनताको निम्ति खन्याउनुपर्छ। हरेक व्यक्ति कम्तीमा एउटा विषयमा विज्ञ या दक्ष भएमा त्यो परिवार, समाज र देशकै निम्ति फाइदा हुन्छ। हामीले स्कूल, कलेज र विश्वविद्यालयबाट आर्जन गरिएको शिक्षा आफ्नो देशको निम्ति उपयोग गर्नुपर्छ। तर, सत्तासीन दलका नेताहरूले देशको लागि आवश्यक जनशक्ति तयार गरेर देश बनाउनुभन्दा देशका विद्यार्थी र युवाहरू विदेश पठाउने, विदेशमै जीवन बिताउने बाध्यता सिर्जना गरिरहे।

शिक्षाविना देश विकास सम्भव छैन। शिक्षाको ज्योति गाउँ-गाउँ र बस्ती बस्तीमा पुऱ्याउनुपर्छ। देशलाई बुद्धिजीवीकरण गर्न जिल्ला र नगरहरूमा कलेज र विश्वविद्यालय खोल्नुपर्छ। देशमा वैज्ञानिकहरू तयार गर्ने बाटो खोल्नुपर्छ। सरकारले माध्यमिक तहसम्म नि:शुल्क र अनिवार्य शिक्षा तथा उच्च शिक्षासम्म नि:शुल्क गर्नुपर्छ। उच्च शिक्षा हासिल गर्न नसकेका/नगरेका देशका कृषक, मजदुर, कर्मचारी तथा मानिसहरूलाई पनि पढाउने व्यवस्था गर्नुपर्छ; उच्च शिक्षा दिने व्यवस्था गर्नुपर्छ। देशको शिक्षा गुणस्तरीय हुनुपर्छ; शिक्षा अध्ययनपछि जीवन सुनिश्चित हुने वातावरण तयार गर्नुपर्छ। देशमा गुणस्तरीय शिक्षा नहुँदा र उच्च शिक्षा हासिल गरेर पनि काम सुनिश्चित नहुँदा कति विद्यार्थीहरू बिदेसिए। कक्षा १२ पास गरेका कति विद्यार्थीको रोजाइ नै विदेश पढ्न जाने या विदेशमै पढेर विदेशमै रोजगारी पाउनेतिर भयो। यसकारण, स्वदेशमै सीपमूलक शिक्षा तथा रोजगारीको सुनिश्चितता गर्नु जरूरी छ। सरकारले सस्तो लोकप्रियता होइन, विश्वसनीय वातावरण तयार गर्नुपर्छ।

वर्तमान शिक्षा नीतिले देश र जनताको आवश्यकतालाई ग्रहण गर्न सकेको छैन। शिक्षालाई उत्पादन श्रमसँग मिलाउने राष्ट्रिय शिक्षा नीति आवश्यक हुन्छ। त्यसअनुसार कृषि विशेषज्ञहरू, कृषि प्राविधिक श्रम शक्ति, जलस्रोतविद्हरू र विविध क्षेत्रका प्राविधिकहरूको उत्पादन भए कृषि र अन्य क्षेत्रको अनुसन्धान कार्य र उत्पादनमा ठूलो टेवा हुन्छ। नेपालभाषा, कला, संस्कृति तथा प्राचीन सभ्यताको यो भूमिमा नाचगान, पुरातत्त्व र विविध भाषा तथा साहित्यको क्षेत्रमा पनि विकास हुने खालको शिक्षा आवश्यक हुन्छ। के यसतर्फ सरकारको ध्यान गएको छ ? सरकारले सांस्कृतिक नगर, सांस्कृतिक गाउँ र वडा घोषणा गर्दै कला र संस्कृतिको संरक्षण गर्न, प्राचीन सम्पदा जोगाउन विभिन्न नीति, नियमहरू बनाउनुपर्ने हो; नीति नियम बनाउँदै, सम्पदा संरक्षण गर्दै सांस्कृतिक नगर, गाउँ र वडाहरू घोषणा गरेर स्वदेशी तथा विदेशीहरूको आकर्षणको केन्द्र बनाउनुपर्ने हो; पर्यटकहरूको आगमन केन्द्र बनाएर आयस्रोत बढाउनुपर्ने व्यवस्था गर्नुपर्ने हो।

तर, विडम्बना! देशको शैक्षिक स्थिति नाजुक छ। सरकारले संविधानसभामा व्यवस्था भएअनुसार माध्यमिक तहसम्म नि:शुल्क शिक्षा दिन सकेको छैन। देशका अधिकांश सामुदायिक विद्यालयको शैक्षिक स्थिति चिन्ताजनक छ। दर्जनौं नर्सिङ कक्षा बन्द भए। विश्वविद्यालयमा विद्यार्थी शून्य हुन थाले। सर्वसाधारणले उच्च शिक्षा हासिल गर्नसक्ने स्थितिमा छैन। विदेशीले चलाएको विश्वविद्यालय चल्ने तर नेपालको विश्वविद्यालय नचल्ने स्थिति कसरी आयो ? नेपालजस्तै सानो अरू देश बुद्धिजीवीकरणको अभियानमा छ तर नेपाल साक्षर देश पनि बनेको छैन। प्रजग कोरिया बुद्धिजीवीकरण अभियानमा छ। साक्षर नभएको नेपाल बुद्धिजीवीहरूको देश कहिले हुने होला ? सस्तोमा डाक्टर पढाउन मेडिकल कलेजसहितको विश्वविद्यालय खोल्न माग गर्दा सरकार स्वीकृति दिँदैन। सरकार कलेज खोल्न स्वीकृति पनि दिँदैन। सरकारले मेडिकल कलेज खोलेर सस्तो सुलभमा शिक्षा प्रदान गरेर डाक्टर उत्पादन गर्नुपर्ने हो। सस्तोमा शिक्षा दिन बाधा पुऱ्याउने के सरकार शिक्षाविरोधी होइन ? आफू पनि नखोल्ने अरूलाई पनि खोल्न नदिने सरकारले कसरी शिक्षाको विकास गर्ला ? यो तरिकाले देशमा आवश्यक जनशक्ति कसरी तयार हुन्छ ? देशको लागि आवश्यक जनशक्ति तयार भएन भने देश विकास कसरी हुन्छ ? गाउँ-गाउँमा शिक्षाको किरण कसरी पुग्छ ?

# प्रदेशसभामा कार्ल मार्क्स र १ मईको चर्चा

● सुरेन्द्रराज गोसाई



योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' - मार्क्सवादले त्यही भन्छ। अहिले हामी सरकारमा छौं। योग्यता बोकेकाहरूलाई हामीले काम दिइरहेका छौं कि छैनौं ? नुवाकोटको हिजोको खबर छ। त्यहाँ नेपाली नागरिकता त्याग्नेहरूको लर्को छ भनेर 'गोरखापत्र' ले छाप्छ, अरू पत्रिकाहरू छाप्दै छन्। यो वास्तविकता बिचमा हामी छौं। मानिसलाई काम हामीले दिइरहेका छौं कि छैनौं ? काम दिइरहेका छैनौं तर बरु गफ दिइरहेका छौं भने हामी गलत हौं भनी आफैंले प्रमाण दिइरहेका हुन्छौं। त्यसकारण, मजदुर र किसानहरूको हितमा हामीले जबसम्म काम गर्न सक्दैनौं तबसम्म हामीले हल्लाइरहेको कम्युनिस्टको त्यो झन्डाप्रति हामीले काम र व्यवहारबाट सम्मान गरिरहेका छैनौं भन्ने प्रमाणित हुन्छ।

सर्वप्रथम यो चौथो अधिवेशनको पहिलो बैठकमा प्रदेश सरकार र वाग्मती प्रदेशसँग सम्बन्धित केही कुराहरू म यहाँ राख्न चाहन्छु। यो चौथो अधिवेशनसम्म आइपुग्दा वाग्मती प्रदेशमा हँसिया–हथौडा अङ्कित रातो झन्डा बोक्ने तीनवटा दलको सरकार गठन भएको छ। तर, प्रश्न उठिरहेको छ के सरकार चलाउनेहरूले त्यो हँसिया–हथौडा अङ्कित झन्डा कहिले फुर्सद मिलाएर हेर्ने गर्नुभएको छ ? हँसिया र हथौडाले के भन्छ ? त्यो झन्डाले के चाहन्छ ? त्यो झन्डा बोक्दा हामीले के भन्यौं ? जनताबिचमा जाँदा हामीले के भन्यौं ? त्यो कुरा सोच्ने, सम्झने हामीसँग फुर्सद छ ? विशेषगरी मन्त्रीको झन्डा हल्लाएर हिँड्नेहरूसामु यी प्रश्न खडा छन्।

संयोगले यहाँ मार्क्सको कुरा पनि उठ्यो। यो मे ५ को दिन कार्ल मार्क्सको २०६ औं जन्मदिवस हो। केही दिन अगाडिदेखि मार्क्सको जन्मदिवस मनाउँदै छौं। मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराको विषयमा संसार बहस गर्दै छ, छलफल गर्दै छ। त्यही विचार वरपर यो संसार अझै पनि घुम्दै छ। मार्क्सवादले यो सिङ्गो दुनियाँलाई हल्लाइदिएको थियो, छ र हल्लाउँदै जानेछ। मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारा तबसम्म अगाडि बढ्नेछ, जबसम्म यो विश्वमा कामगरी खाने जनता, सर्वहारावर्ग रहिरहन्छ। त्यसकारण, अहिले मार्क्सलाई सम्झिरहँदा, मार्क्सवाद–लेनिनवादको झन्डा हल्लाउनेहरू सरकारमा रहिरहँदा प्रश्न उठ्नु अस्वाभाविक होइन! हाम्रो सिद्धान्त र व्यवहारहरूबिच तालमेल मिल्छ कि मिल्दैन ? सिद्धान्तलाई व्यवहारमा अनुवाद गर्दै छौं कि छैनौं ? जनताको चासोको विषय पनि यही हो। त्यसमा हामी कहाँ छौं ? आफैंले आफैंलाई परीक्षण गर्नुपर्ने, सोध्नुपर्ने अहिलेको विषय हो।

कामदार जनताको मुक्तिको नारा दिँदै हामी लड्यौं। हामीले अध्ययन गऱ्यौं, हामीले छलफल गऱ्यौं। आज सत्तामा पुगिसकेपछि हामीले मार्क्सवादलाई कति सम्झ्यौं ? लेनिनवादलाई कति सम्झ्यौं ? माओ त्सेतुङ विचारधारालाई कति आत्मसात् गऱ्यौं ? त्यो ज्ञान र सिद्धान्तलाई व्यवहारमा लागू गऱ्यौं कि गरेनौं ? आज अरूतिर भन्दा पनि सत्तामा, शक्तिमा, सरकारमा पुग्नेहरूसामु यी प्रश्न छन्। सरकारमा पुगेर मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराबमोजिम देश र जनताको इमानदारीपूर्वक सेवा गऱ्यौं कि गरेनौं ? हाम्रा हरेक दिन कामदार जनताको लागि खर्चियौं कि बिचौलियाहरूका निम्ति ? हरेक दिन भ्रष्टाचारीहरूसँग उठबस गऱ्यौं कि मजदुर र किसानहरूका बारेमा चिन्तन र मनन गरेर योजना बनायौं र काम गऱ्यौं ? यी विषयहरूमा जवाफ शब्दमार्फत होइन; देश र जनतालाई व्यवहारबाट दिनुपर्छ।

'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' - मार्क्सवादले त्यही भन्छ। अहिले हामी सरकारमा छौं। योग्यता बोकेकाहरूलाई हामीले काम दिइरहेका छौं कि छैनौं ? नुवाकोटको हिजोको खबर छ। त्यहाँ नेपाली नागरिकता त्याग्नेहरूको लर्को छ भनेर 'गोरखापत्र' ले छाप्छ, अरू पत्रिकाहरू छाप्दै छन्। यो वास्तविकता बिचमा हामी छौं। मानिसलाई काम हामीले दिइरहेका छौं कि छैनौं ? काम दिइरहेका छैनौं तर बरु गफ दिइरहेका छौं भने हामी गलत हौं भनी आफैंले प्रमाण दिइरहेका हुन्छौं। त्यसकारण, मजदुर र किसानहरूको हितमा हामीले जबसम्म काम गर्न सक्दैनौं तबसम्म हामीले हल्लाइरहेको कम्युनिस्टको त्यो झन्डाप्रति हामीले काम र व्यवहारबाट सम्मान गरिरहेका छैनौं भन्ने प्रमाणित हुन्छ।

कम्युनिस्टहरू सरकारमा पुग्दा कृषिलाई प्राथमिकता दिइन्छ। उत्पादनलाई प्राथमिकता दिइन्छ। शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिइन्छ। रोजगारीलाई प्राथमिकता दिइन्छ। यी सरल कुरा हुन्। हामी सरकारमा छौं। हामी शक्तिमा छौं। हाम्रा योजनाहरू के छन् ? त्यसबारे अब हामीले जनतालाई व्यवहारबाट देखाउन आवश्यक छ।

कार्ल मार्क्सको २०६ औं जन्मदिवस कमसेकम नेपालमा नेपाल मजदुर किसान पार्टीले विविध गतिविधिका साथ मनाउँदै छ। हामीलाई थाहा छ, सन् १९९१ को सोभियत सङ्घको दुर्घटना, सोभियत समाजवादको अस्थायी हारपछि अब मार्क्सवादको म्याद नाघ्यो, मार्क्सवादको अन्त्य भयो भनेर पुँजीवादी विचारहरू, राजनीतिक चिन्तकहरू, फ्रान्सिस फुकुयामाहरू खूब नाचेका थिए, हाँसेका थिए। ३० वर्षपछि फेरि अर्को युग आयो। मार्क्सवाद नभई भएन। अहिलेको आर्थिक सङ्कटबारे विश्वमा छलफल हुँदै छ। आर्थिक सङ्कटको निवारण अब अरूले दिन सक्दैन। मार्क्सवादी दृष्टिकोण, मार्क्सवादी विचार, मार्क्सवाद–लेनिनवाद र माओ त्सेतुङ विचारधाराले मात्र यसको निकास दिन सक्दछ। विश्वलाई यो आर्थिक सङ्कटबाट जोगाउने अन्तिम सैद्धान्तिक अस्त्र या उपाय त्यही हो भनेर अहिले छलफल हुँदै छ अर्थशास्त्री, राजनीतिशास्त्रीहरूबिच र कामदार जनताबिच।

हामीले भर्खरै मात्र मे १ अर्थात् अन्तर्राष्ट्रिय मजदुर दिवस मनायौं। हामीले मनमा राखेका थियौं कमसेकम हँसिया–हथौडा अङ्कित झन्डा बोक्नेहरू र सरकारमा गएकाहरूले १ मेलाई अनेकरूपमा मनाउलान्! उता समाजवादी देशहरूमा विशेष ढङ्गमा मनाइन्छ। अलिकति झिनो आशा थियो। तर, त्यो पूरा भएन! १ मे र अन्तर्राष्ट्रिय श्रमिक दिवसको भावनाबमोजिम हामीले कति अगाडि बढिरहेका छौं ? हाम्रा गतिविधि, काम र योजनामार्फत कसरी अगाडि बढिरहेका छौं ? हाम्रो प्रदेश सरकारले पनि आफ्नो आकार–प्रकार, ढाँचाबमोजिम भए पनि जवाफ दिनुपर्थ्यो।

हो, हँसिया हथौडा अङ्कित झन्डा बोक्ने तीन वटा पार्टी सरकारमा छन्। प्रखर प्रतिपक्षमा छ, नेपाल मजदुर किसान पार्टी। यसलाई हामी हाँक भन्दैनौं तर यो विनम्रतापूर्वक अनुरोध हो। हामीसँग अलिकति मात्र नैतिकता र सिद्धान्तप्रतिको वफादारी बाँकी छ भने व्यवहारमा देखाउन आवश्यक छ। अब हामीले योभन्दा ढिलाइ गर्नुहुन्न। ३४ वर्ष भइसक्यो नेपालमा बहुदलीय प्रजातन्त्र आएको! यही बहुदलीय प्रजातन्त्र पुँजीवादी गणतन्त्रमा सीमित भइरहने कि हाम्रा हरेक तयारी समाजवादी गणतन्त्रको निम्ति गर्ने ? पुँजीवादी गणतन्त्रलाई नै मलजल गरेर अगाडि बढ्ने भए अरू पनि त पार्टीहरू थिए नि त! हँसिया हथौडा अङ्कित कम्युनिस्ट पार्टीको आवश्यकता किन रहयो र ? त्यसकारण, १ मे र मार्क्सको यो २०६ औं जन्मदिवसको अवसरमा ती सबै जो जति वामपन्थी भन्छौं, जो जति कम्युनिस्ट भन्छौं, जो जति हँसिया र हथौडा अङ्कित रातो झन्डा बोक्छौं, तिनीहरूले जनतालाई यी सवालको जवाफ दिनुपर्छ। नेपाली कामदार जनतालाई अब जवाफ दिन आवश्यक छ।

अहिले हामी यसरी छलफल गरिरहँदा मानिसहरू आत्महत्या गरिरहेका छन्। हामी सबैलाई थाहा छ, सबैभन्दा बढी आत्महत्याको तथ्याङ्कमा वाग्मती प्रदेश अगाडि छ। अनेक कारणहरू होलान्। अहिलेको समयमा आर्थिक सङ्कट र सहकारीको सन्दर्भ होला या अन्य कारण होला। त्यसमा हामीले समाधान गर्न सक्छौं कि सक्दैनौं ? कसरी तयारी गर्ने ? एकजना मनोचिकित्सक भन्नुहुन्छ, "कमसेकम प्रदेश सरकारले अरू केही गर्न सक्दैन भने स्वास्थ्य मन्त्रालयले मनोचिकित्साको क्षेत्रमा काम गरेको खण्डमा स्वास्थ्य उपचारसँग सम्बन्धित आधा अरू कुराहरू त गर्नै पर्दैन!" नयाँ स्वास्थ्यमन्त्रीज्यू आउनुभएको छ। यस क्षेत्रमा अलिकति भए पनि काम गर्नुहोला! अरू नसर्ने रोगहरूका विषयमा त भन्नै परेन! प्रदेश सरकारले जनताबिच आफ्नो उपस्थिति देखाउनको निम्ति स्वास्थ्य सेवा क्षेत्रबाट, शिक्षाको क्षेत्रबाट, स-साना उद्योगहरूको क्षेत्रबाट, स-साना कुटीर उद्योगको क्षेत्रबाट तयारीका साथ अगाडि बढ्न आवश्यक छ। त्यसो भएको खण्डमा जनताले अलिकति राहत अनुभव गर्नेछन्।

साथै, अहिले जुन किसिमका भ्रष्टाचार काण्डका कुराहरू बाहिरिएका छन्, वाग्मती प्रदेश सरकार पनि जनताको आलोचनाको पात्र बन्दै छ। भ्रष्टाचारविरुद्ध हामीले काम गर्न ढिला भइसकेको छ।

अहिले प्राकृतिक विपत्तिका घटनाहरू बढ्दै छन्। १ हजार १८ वटा डढेलोका घटनाहरू देशैभरि भए। त्यसमा ३० जनाभन्दा बढी नेपालीले ज्यान गुमाए। सामान्य डढेलो र आगजनीका विषयमा हामीले काम गर्न सक्दैनौं भने हाम्रो क्षमतामाथि प्रश्न उठ्छ कि उठ्दैन ? हावाहुरीको मौसम छ। चट्याङको मौसम छ। डढेलोको मौसम छ। तर, यी समस्यालाई छोडेर हामी केमा गयौं ? खालि पदको झगडामा ! यताको उता पुग्ने, उताको यता पुग्ने! जनता त कता हो कता! यताउता पिङ खेलेजस्तै! बाँदरले एउटा रूखबाट अर्को रूखमा, अर्को रूखबाट अर्को रूखमा पुगेर आफूलाई संसारको बहादुर ठानेझैं! कृपया, हामी त्यो खालको प्राणी नबनौं! मान्छे बनौं!

५/६ वर्षभन्दा बढी भइसक्यो, हामीले सन्तुलित विकासको विषयमा सुझावहरू राखेको। यस विषयमा काम गर्न ढिला भइसक्यो। गाउँहरू खाली हुँदै छन्। घरका ढोकामा भोटे ताल्चाहरू लाउँदै छन्। घरका दैलोहरू सुनसान छन्। यो विषयमा हामीले सोच्ने कि नसोच्ने ? साथै, नदीनाला मात्र होइनन्, हाम्रा नेपाली दाजुभाइहरू पनि दक्षिण बग्दा छन् भनेर अहिले चिन्ता छ। 'वाग्मती प्रदेश बग्दो छ दक्षिण' भनेर चिन्ता छ। विदेश बग्दो छ। यो विषयमा हामीले काम गर्ने कि नगर्ने ? नुवाकोटको प्रसङ्ग १३ वटै जिल्लामा देखिन्छ। त्यसकारण, यो अत्यन्त संवेदनशील विषय हो। कमसेकम प्रदेश सरकारले आगामी बजेटबाट तयारी थालोस्। यो बर्खे अधिवेशन बजेट अधिवेशन हो। यहाँ ब्युरोक्र्याट र टेक्नोक्र्याटका समस्याका प्रसङ्ग पनि उठे। त्यस्ता समस्या समाधान गरेर अगाडि बढ्न सक्नुलाई नै सायद सरकार भनिन्छ। जनताका गाँसबास, कपासका कुरा, शिक्षा स्वास्थ्यको कुरामा क्रमश: एक - एक पाइला गरी काम गर्दै अगाडि बढ्न सकेको खण्डमा यो ढिलाइलाई पनि जनताले माफी दिनेछन्। होइन, अझै पनि आफ्नै पद, आफ्नै सरकार र आफ्नै अवसरमा अल्मलिइरहयौं भने यो ३४ वर्षको हिसाब किताब असुलउपर गरेर जनताले दण्डित गर्नेछन्।

अहिले प्राकृतिक विपत्तिका घटनाहरू बढ्दै छन्। १ हजार १८ वटा डढेलोका घटनाहरू देशैभरि भए। त्यसमा ३० जनाभन्दा बढी नेपालीले ज्यान गुमाए। सामान्य डढेलो र आगजनीका विषयमा हामीले काम गर्न सक्दैनौं भने हाम्रो क्षमतामाथि प्रश्न उठ्छ कि उठ्दैन ? हावाहुरीको मौसम छ। चट्याङको मौसम छ। डढेलोको मौसम छ। तर, यी समस्यालाई छोडेर हामी केमा गयौं ? खालि पदको झगडामा! यताको उता पुग्ने, उताको यता पुग्ने! जनता त कता हो कता! यताउता पिङ खेलेजस्तै! बाँदरले एउटा रूखबाट अर्को रूखमा, अर्को रूखबाट अर्को रूखमा पुगेर आफूलाई संसारको बहादुर ठानेझैं! कृपया, हामी त्यो खालको प्राणी नबनौं! मान्छे बनौं!

*(वाग्मती प्रदेशसभाको चौथो अधिवेशनको पहिलो बैठक वैशाख ३१ गते आइतवार बस्यो। दलका नेताहरूको तर्फबाट शुभकामना मन्तव्य राख्ने कार्यक्रमअन्तर्गत सो बैठकमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले राख्नुभएको मन्तव्य)*

# सिलेसियाली जुलाहाहरूको विद्रोह १८४८ को मागपत्रको आन्दोलन

• का. रोहित

१९ औँ शताब्दीको मध्यसम्म पनि बेलायत र फ्रान्सको तुलनामा जर्मनी पछि थियो। बेलायतका कारखानाहरूमा हातले भन्दा कलले काम गर्न थालेको थियो। कलले काम गर्दा धेरै छिटो र सस्तो पर्दथ्यो। हातले काम गर्दा ढिलो हुन्थ्यो र ज्याला पनि बढी पर्दथ्यो। त्यसले गर्दा सामानको मूल्यमा वृद्धि हुन्थ्यो। तर, कलले गर्दा १०-१२ जवान मजदुरहरूको काम एउटैले गर्न सकिन्थ्यो। छिटो पनि सिधिन्थ्यो। यसकारण, बेलायतको लुगा (कपडा) सस्तो हुन्थ्यो।

बेलायतको सस्तो कपडा जर्मनीमा समेत पुग्यो। जर्मनीको बजार बेलायती कपडाले भरिन थाल्यो। त्यसले गर्दा जर्मनीमै तयार भएको कपडा बिक्न छोडे। जर्मनीको कपडा नबिक्दा जर्मनीका कपडा बुन्ने जुलाहा मजदुरहरूले काम पाउन छोड्यो। अब कपडा बुन्न दिने धनी र पुँजीपतिहरूले मजदुरहरूलाई ज्याला कम दिन थाले।

त्यसबेला जर्मनीमा बेलायतमा जस्तै सयौँ मजदुरहरूले काम गर्ने ठुलठुला कारखाना पनि बनिसकेको थिएन। कारखानाका मालिक वा साहूहरू गाउँ गाउँ वा घर घरमा कपास र धागो अथवा आधा तयारी सामान दिएर काम लगाउँथे। ती जुलाहाहरू खेतमा पनि काम गर्थे; कपडा बुन्ने काम पनि गर्थे। हाम्रो घर घरमा चर्खा र तान भएजस्तै त्यहाँ पनि घर घरमा काम गर्थे र साहूलाई बुझाउन जान्थे। तर ती जुलाहा मजदुरहरू मौसममा खेती पनि गर्थे। जमिनदारहरू तिनीहरूसँग बढी बाली लिन्थे। तिनीहरूले सामन्त र जमिनदारहरूलाई बेठ-बेगारी र रकम तिर्नु पर्दथ्यो। हाम्रो नेपालमा पनि २००७ सालभन्दा पहिले बिनापैसाले सामन्त, शाह, राणा, जमिनदार र बिर्तावालहरू कहाँ काम गर्न जानु पर्दथ्यो। त्यसलाई 'झारा' वा बेठ-बेगारी भनिन्थ्यो। त्यस्तै मौका मौकामा घिउ, बोका, हरियो तरकारी, पराल, कमेरो आदि तिर्नु पर्दथ्यो। जर्मनीका किसानहरूले पनि त्यसबेला जमिनदारवर्गलाई रकम तिर्नु पर्दथ्यो। तर, त्यहाँका जमिनदारहरूले त्यो रकम पैसामा असुल गर्दथे। किसानहरूले 'शिकारी कर' भनेर अलगै कर सामन्तहरूलाई तिर्नु पर्दथ्यो। किसानहरू सिकार खेल्दैनथे वा खेले पनि सान्है कम खेल्थे। तर, शिकारको कर भने सबैले तिर्नै पर्दथ्यो- सिकार खेलून् वा नखेलून्। फेरि ती जुलाहा किसानहरूसँग तिनीहरूले कपडा बुनेबापत उत्पादन कर तिर्नु पर्दथ्यो। यसप्रकार त्यसबेला जर्मनीका किसान जुलाहाहरू सामन्त र जमिनदारहरूबाट सान्है चुसिएका र थिचिएका थिए। अर्कोतिर कपडा बुन्न दिने साहू-महाजन, व्यापारी र पुँजीपतिहरूबाट पनि तिनीहरू त्यतिकै चुसिएका थिए। तिनीहरू जुलाहाहरूलाई कम ज्याला दिन्थे र धेरै काम लिन्थे। यसकारण जर्मनीका किसान र मजदुरहरू सान्है रिसाएका थिए।

सन् १८४४ को कुरा हो। जर्मनीमा सिलेसिया भन्ने एक प्रान्त थियो। अहिले सिलेसिया (SILESIA) प्रान्त पोलायन्डमा पर्दछ। पोलायन्डको दक्षिण-पश्चिममा परेको सिलेसियाको सहर ब्रेस्ला (BRESLAU) थियो। ब्रेस्लालाई रोस्ला (WROCLAW) पनि भनिन्थ्यो। यो ओदर नदीको किनारमा अवस्थित छ। त्यहाँ कपडा बुन्ने काम हुन्थ्यो। बेलायतको कपडाको सामानले त्यो ठाउँ भरिदियो। यसले गर्दा त्यहाँका मजदुरहरूलाई नराम्रो असर पर्‍यो। जुलाहाहरू बेकार भए र कति भोकै मरे।

ज्वानजिगर भन्ने त्यहाँको कपडा कारखानाको एउटा ठुलो मालिक थियो। ऊ सान्है निर्दयी र चुसाहा थियो। त्यसको नोकरचाकर र जाँचकीहरूले जुलाहा मजदुरहरूलाई स-साना कुरामा पनि कोर्दाले हान्थे र कपाल लुछ्थे। एकछिन चुप लागेमा वा सामानमा केही तल माथि हुनासाथै तिनीहरूले मजदुरहरूलाई पशुसरह व्यवहार गर्थे। त्यसकारण, सिलेसियाली जुलाहा मजदुरहरू ज्वानजिगर र उसका दलाल र पिछलग्गूहरूसँग सान्है रिसाएका थिए। ज्वानजिगर र उसका कुकुरहरूको विरोधमा त्यहाँका जुलाहा मजदुरहरूले गीत बनाएका थिए। गीत गाएर आफ्नो रिस र असन्तोष पोख्थे। गीत यस्तो थियो-

*ज्वानजिगरहरू ज्यानमारा हुन् सबै,*
*पिछलग्गूहरू, मद्दत गर्छन् उसलाई राम्रै।*
*कोर्दा हान्छन्, कपाल लुछ्छन्, सान्है हामीलाई,*
*बनाइदिन्छन् नरक हाम्रो जीवनलाई।*
*हृदय नभएका तिनीहरू जङ्गलीहरू, पशुहरू,*
*ज्वानजिगर ती राक्षसहरूका मालिक हुन्।*
*लुछ्छन्, पिट्छन्, चिर्थोछन् हामीलाई तिनीहरू,*
*मोज उडाउँछन्, हाम्रो दुःख कष्टमा तिनीहरू।*

सन् १८४४ को एक दिनको कुरो हो। एकजना मजदुर उसको घरकै तललिरबाट त्यस गीत गाएर गइरहेको थियो। ज्वानजिगरका नोकरहरूले त्यस गीतलाई सुने। ती नोकरहरूले त्यस मजदुरलाई समातेर सान्है नराम्रोसँग पिटे। तिनीहरूले उसलाई पिट्दै घिसार्दै पुलिस थानामा लगे। पुलिस अफिसमा पनि उनी सान्है पिटिए।

एक मजदुरमाथि भएको अन्यायको खबर नजिकैको दुई गाउँमा बिजुलीजस्तै फैलियो। जुलाहा मजदुरहरू ज्वानजिगरको अत्याचारदेखि झन् रिसाए। त्यसको बदला लिन दुबै गाउँका मजदुरहरू र किसानहरू आँधीजस्तै उठे। तिनीहरू आँधी-बेहरीसरि रिसाएर ज्वानजिगरको घरमा हुर्रिए। तिनीहरूले उसको घरका सामानहरूलाई भाँचकुँच गरिदिए। ओछ्यान र लत्ता कपडालाई च्यातचुत पारिदिए। भाँडाकुँडा, रिकापी, थालहरू फोरिदिए। दराज, टेबुल, मेचजस्ता सामानहरू टुक्रा टुक्रा पारिदिए। घरका भित्ता र दलिनमाथि मोडेका सिलिङ र इलाचाहरू सबै बिगारिदिए। मजदुर र किसानसँग लेखाएर लिइराखेको नक्कली सकली किर्ते तमसुक, कागज र बहीखाता सबै निकाले र ध्वस्त पारिदिए, आगो लगाइदिए। कारखानाका थुप्रै कल पुर्जा टुक्रा गरेर मिल्काइदिए।

यो कुरो शोषक सरकारमा पुग्यो। सरकार मजदुर र किसानहरूलाई दबाउन चाहन्थ्यो। ४ वटा तोपसँगै ४ पल्टन सिपाही सरकारले त्यहाँ पठायो। त्यसमा केही घोडचढी सेना पनि थियो। शोषकवर्गका पाल्तु सेनाले मजदुरहरूमाथि गोली हान्यो, तिनीहरूको गोलीबाट १२ जवान मजदुरहरू ठहरै मरे। २४ जवान मजदुरहरू घाइते भए।

त्यस हत्याकाण्डले मजदुरहरू झन् रिसाए। सङ्घर्ष बढ्दै गयो। स्थितिलाई पल्टनले साम्य पार्न सकेन। स्थिति नियन्त्रण गर्न धेरै दिन लाग्यो। काम-मामको समस्याले थुप्रै मजदुरहरू भोकै मरे। अकाल पर्‍यो। भोकमरी र टाइफाइड भने विषम ज्वरको रोग फैलेर हजारौँ जुलाहा परिवार मरे।



**सिलेसियाली जुलाहा विद्रोहको शिक्षा**

फ्रान्सको लियोन सहरका मजदुरहरूले जनवादी गणतन्त्र र तिनीहरूको 'भविष्य' को निम्ति विद्रोह गरेका थिए। बेलायतको मागपत्रको आन्दोलनमा त्यहाँका मजदुरहरूले चुनावमा भाग लिन पाउनु पर्छ भनेर लडेका थिए। कामको घण्टा निश्चित गर्ने र आर्थिक अवस्था सुधारको माग र विद्रोह गरेका थिए। तर सिलेसियाली मजदुरहरूले यस्तो कुनै माग र विद्रोह गरेका थिएनन्। तिनीहरूले आफ्नो वर्ग भाइलाई शोषकवर्गले हात हालेको र अन्याय अत्याचार गरेकोमा बदला लिन सङ्घर्ष गरेका थिए। तिनीहरूले शोषकवर्गमाथिको घृणा र असन्तोषलाई मात्रै सबैको अगाडि देखाइदिएका थिए।

सिलेसियाली जुलाहाहरूले तिनीहरू एक शक्ति हुन् र तिनीहरू पनि केही गर्न सक्दछन् भन्ने कुरो देखाइ दिए। जर्मनीका मजदुरवर्ग पनि एक बलियो शक्ति हो भन्ने देखाइदिए। मजदुरहरूको सङ्गठन र संयुक्त गतिविधि एउटा ठुलो बल हुन्छ भन्ने कुरो सबैलाई बताइदियो। त्यो नै सिलेसियाली जुलाहाहरूको विद्रोहको शिक्षा थियो।

**निष्कर्ष**

फ्रान्स, बेलायत र जर्मनीका त्यसबेलाका मजदुर आन्दोलनहरूमा मजदुरवर्गको सिधा भिडन्त पुँजीवादी र सामन्तीवर्गको शासन सत्तासँग हुन गयो। त्यसले दुई चार कुरोलाई देखाइदियो। पहिलो, शोषकवर्गको राज्यसत्तासँग मजदुरवर्गको भिडन्त अनिवार्य छ। दोस्रो, मजदुरवर्गले भिडन्त गर्न सक्छ। तेस्रो, मजदुरवर्ग उठ्दो वर्ग हो। चौथो, सामन्तवादजस्तै पुँजीवाद खतम हुन्छ। पाँचौँ, मजदुरवर्ग राज्यसत्ताको निम्ति लड्नेछ र राज्यसत्तालाई कब्जा गर्नेछ।

**विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरूबाट**

सन् १८४२ मा मजदुरहरूको पहिलो मागपत्रको आन्दोलनलाई दबाइदिए पनि मजदुरहरूको स्थितिमा कुनै परिवर्तन भएन। त्यसकारण, आन्दोलनको बीउ बाँकी नै थियो। १८४७ मा झन्झन् नयाँ सङ्कट आइपर्‍यो; त्यो अति उत्पादनको सङ्कट थियो। पुँजीपतिवर्गले धेरै नाफा खान धेरै-धेरै मालसामान बनायो। तर, जनतासँग किन्ने क्षमता थिएन। पुँजीको धेरै भाग अथवा सबै पैसा उत्पादनमा लगाइसकेको थियो। पुँजी सबै फसेको थियो। यसकारण, व्यापार बन्द हुन थाल्यो। कारखानाहरू बन्द हुन थाले। मजदुरहरूले काम पाएनन् र सबै बेकार हुँदै गए। तिनीहरूको आर्थिक स्थिति सान्है खराब हुँदै थियो।

त्यसले गर्दा खानको निम्ति मजदुरहरूले आफूसँग भएको सानातिना सामान बेच्न थाले। लुगाफाटा बन्धक राख्न थाले। लगाउने लुगा नभएर मजदुरहरूका केटाकेटी स्कूल जान छोडे। जहान बच्चा भोकभोकै मर्न थाले। तर पनि सरकारले बेकारी र भोका जनताबाट हुने उपद्रो रोक्न र चाहिने बेलामा ज्यामी पाउन अलि-अलि पैसा दिएर राख्दथ्यो। त्यो हाम्रो देशमा भन्डारा ख्वाउने जस्तै थियो। पशुपति र विभिन्न मठ-मन्दिरमा दिनका दिन वा बेला-बेला गरिब जनतालाई दया गरेर ख्वाएको जस्तो देखिन्छ; वास्तवमा कुरो त्यो थिएन। गरिब जनताले धेरै दुःख सहन सकेन भने विद्रोह गर्न थाल्छन्। विद्रोह गरेनन् भने बिरामी हुन्छन् वा भोकै मर्दछन्। विद्रोह गर्दा शोषकवर्गलाई नोक्सान हुन्छ। बिरामी र भोकै मर्दा शोषकवर्गले चाहिने समयमा काम गराउन ज्यामी पाउँदैन, ज्यामी नपाएपछि तिनीहरूको नाफा घट्छ। यो कुरो मानिसले घरमा पशु पाले जस्तै हो। बाख्रा-बाख्री मर्दा आफ्नै नोक्सान हुने भएकोले मात्रै तिनीहरूलाई मानिसले घाँस ख्वाउने गर्छन्। बस् त्यस्तै, पछि काममा लिन पुँजीपति सरकारले 'भन्डारा' ख्वाए जस्तै बेलायतमा 'गरिब दर' दिने चलन थियो। त्यसलाई गरिबी भत्ता पनि भन्ने गरिन्थ्यो। तर, त्यति पैसाबाट त मजदुरहरूले मुस्किलले एक छाक नुनपानी खानमात्र सक्थे। त्यो खालि धोखा दिने वा जनताको विद्रोह दबाउने जाल मात्रै थियो। यस कुरालाई बेलायतका मजदुरहरूले बुझ्न थालेका थिए। त्यसबेला फ्रान्समा पनि मजदुरवर्गले पुँजीपति सरकारसँग बन्दुक लिएर सङ्घर्ष गरेका थिए। त्यस खबरले बेलायतका मजदुरहरूलाई पनि लड्नमा बल दिएको थियो। यसकारण, १८४२ मा असफल भएको 'मागपत्र' को आन्दोलन फेरि उठ्न थाल्यो।

बेलायतमा ल्वेक बोर्न भन्ने एउटा ठाउँ थियो। एक दिन त्यहाँ बेकारी मजदुरहरू एक ठाउँमा भेला भए। तिनीहरू जुलुस जस्तै मिलेर त्यहाँ 'गरिब ऐन कार्यालय' मा गए। जुलुसले त्यहाँ एउटा निवेदन दियो। त्यसमा लेखिएको थियो :

"महाशयहरू, अहिले 'गरिब दर' अब छलकपटबाहेक अरू केही पनि रहेन। त्यो त हाम्रो दुःखकष्ट बढाउने र यसलाई लम्ब्याउने उपायमात्रै हो ....... । उतातिर पसलहरू खानेकुराले भरिभराउ छन्। यतातिर हाम्रा परिवार भोकै मरिरहेका छन्। यो हेरिरहन सक्दैनौँ।"

त्यसबेला फेरि ठाउँ-ठाउँमा मजदुरहरू सङ्गठित हुन थाले। बेलायतका हरेक औद्योगिक क्षेत्रमा सङ्घर्षका फिलिङ्गाहरू देखिन थाले। राजधानी लन्डनमा देशभरका मजदुर प्रतिनिधिहरू भेला भए। फेरि एकचोटी मागपत्रमा सही छाप गर्ने आन्दोलन चलाउन थाले। मागपत्रमा ५० लाख जनताले हस्ताक्षर गरेका थिए।

१० अप्रिल १८४८ मा एउटा ठुलो जुलुसले ५० लाख जनताको हस्ताक्षर भएको त्यो मागपत्रको बाकसलाई २० जना मानिसले बोकेर संसद्मा लग्यो। त्यस मागपत्रमा एउटा नयाँ कुरो थियो। पुँजीपतिवर्गले सधैँ अस्वीकार गर्दै आएको निवेदन या बिन्तिपत्रको मागलाई संसद्ले स्वीकार गर्ने हो वा राज्यशक्ति कब्जा गर्न कामदारवर्गले विद्रोह सुरु गर्नुपर्ने हो भनेर त्यसमा प्रश्न गरिएको थियो। त्यस प्रदर्शनमा ५ लाख मानिसहरूले भाग लिएका थिए।

मजदुरवर्गमा समाजवादी विचारधारा बढ्दै गएको कुरालाई पुँजीपतिवर्गले देखिरहेको थियो। 'उत्तरी तारा' भन्ने तिनीहरूको मुखपत्रको प्रभाव बढ्दै गएको थियो। सशस्त्र सङ्घर्षबाट सत्ता कब्जा गर्न मार्क्सवादीहरू अगाडि बढिरहेको कुरो बेलायती पुँजीपतिवर्गले थाहा पाउँदै थियो। यसकारण, पुँजीपतिवर्गले मजदुरहरूको विद्रोहको डरले लन्डनमा झन्डै २ लाख सिपाही या पल्टनका जवानहरू थुपारेको थियो। छाउनी र मुख्यमुख्य बाटाघाटा र सरकारी भवनहरूमा लड्नको निम्ति मोर्चाहरू बनाइएको थियो। जहाँतही तोप र बन्दुक तेर्स्याइएको थियो। हुल्याहा र गुण्डाहरूलाई पुँजीपतिवर्गले 'स्वयम्सेवक' भनेर सङ्गठित गरेको थियो। ती आवारा गुण्डाहरूको जत्थालाई पुँजीपतिवर्गले हातहतियारले सज्जित पारेको थियो। त्यस प्रदर्शनलाई सरकारले कानुनविरोधी घोषणा गर्‍यो।

यता मजदुरहरू मर्न र मेट्नको निम्ति तयार थिए। तर, प्रदर्शनका मुख्य सङ्गठनकर्ता ओकोनोर आफैँ डराए। प्रदर्शन गर्ने निधो भए पनि मजदुरहरूलाई घर फर्कन र प्रदर्शन नगर्न बिन्ती गर्न थाले। शान्तिपूर्वक निवेदनलाई संसद्मा लगियो। तर, संसद्ले त्यसलाई फेरि एकचोटि लत्याइदियो। यसप्रकार 'भौतिक शक्ति' मा विश्वास गर्ने ओकोनोरको 'नैतिक शक्ति' कमजोर साबित भयो। यसरी १२ अप्रिल १८४८ को प्रदर्शन असफल भएपछि आन्दोलन सेलाउन थाल्यो र अन्त्यमा हारमा फेरियो।

**आन्दोलनका असफलताका कारणहरू**

बेलायत त्यसबेला संसारको सबभन्दा ठुलो पुँजीवादी देशमा विकास भइरहेको थियो। त्यसले संसारमा सबभन्दा बढी उपनिवेश कब्जा गरिसकेको थियो। धेरै देश उसको उपनिवेश हुँदा त्यहाँबाट उसले सस्तोमा कच्चा सामान ल्याउँथ्यो र महँगोमा तयारी माल बेच्थ्यो। फेरि उपनिवेशका जनतालाई सस्तोमा ज्यामी लगाउँथ्यो। यसले गर्दा उसले अरू पुँजीवादी देशहरूले भन्दा सस्तोमा सामान बेच्न सक्थ्यो। यसरी बेलायतले संसारको बजार कब्जा गर्न सक्यो र बेलायती पुँजीपतिवर्गले अकुत नाफा कमायो। नाफाको केही भाग माथिल्ला मजदुरहरूलाई पनि दिन थाल्यो। अथवा, माथिल्ला मजदुरहरूको ज्याला र भत्ता बढाएर तिनीहरूको जीवनलाई पुँजीवादीकरण गरिदियो। यसकारण, माथिल्लो मजदुरवर्गमा क्रान्तिकारी भावना घट्न थाल्यो। तिनीहरू आन्दोलनलाई सशस्त्र विद्रोहमा नफेरि शान्तिपूर्ण ढङ्गले चलाउन चाहन्थे। तिनीहरू पुँजीपतिवर्गसँग सम्झौता गर्न चाहन्थे। आन्दोलनमा त्यस्ता तत्त्वहरूको प्रभाव बढी थियो।

आन्दोलनका केही नेताहरू समाजवादलाई मन पराउँथे। तर, समाजवाद कसरी आउँछ भन्ने कुरो तिनीहरूलाई थाहा थिएन। बेलायतले हजारौँ र लाखौँ मजदुरहरूलाई क्यानडा, संयुक्त राज्य अमेरिका र अस्ट्रेलियाजस्ता काम पाइने ठाउँमा पठाइदिए। ती देशहरू बेलायतभन्दा धेरै ठुलो र बाँझो जग्गाले भरिएका थिए। खेती, बन्द व्यापार र खानीको विकास भइरहेको थियो। बाहिरबाट त्यहाँ गएका मजदुरहरूले काम-माम पाउन थाले। ती ठाउँमा सक्रिय मजदुर कार्यकर्ताहरू पनि गए। त्यसले गर्दा मजदुरवर्गमा काम गर्ने कार्यकर्ताहरू कम हुन गयो। पुँजीपतिहरूको घुस खाने मजदुर नेताहरूको गतिविधि बढ्यो। अर्को एउटा मुख्य कुरो, त्यसबेला बेलायतमा कुनै लडाकु क्रान्तिकारी राजनीतिक पार्टी थिएन।

मजदुरवर्गमा राजनीतिक गतिविधिको अनुभवको कमी थियो। त्यसो हुँदा आन्दोलनभित्र अनेक विरोधी तत्त्व घुस्न पुगे। तिनीहरूले जाली हस्ताक्षर गराएर आन्दोलनलाई समेत बदनाम गराए। एक-आपसमा फुटाउने र जुधाउने काम पनि गर्दै गए। राजनीतिक चेतना र गतिविधिको अभावले गर्दा बेलायतको मजदुरवर्गमा आलोचनात्मक दृष्टिकोणको विकास भैसकेको थिएन।

बेलायती मजदुरहरूको 'मागपत्रका आन्दोलन' असफल हुनुका कारणहरू यिनै हुन्। फेरि सन् १८५२ तिर बेलायतले अलि-अलि बाधा भोग्दै उल्लेखनीय आर्थिक प्रगति गर्‍यो। त्यस प्रगतिले पुँजीपतिवर्गलाई विदेशका जनता चुसेर ल्याएको नाफाबाट मजदुरको केही ज्याला बढाउन सफल भयो। यी सबै कारणले गर्दा बेलायती कामदार वर्गको त्यो आन्दोलन बिस्तारै सेलाएर गयो।

**मागपत्रको आन्दोलनको महत्त्व**

बेलायतका मजदुरहरूको मागपत्रको आन्दोलन असफल भए पनि त्यस आन्दोलनको ठुलो महत्त्व थियो। त्यस आन्दोलनका केही कमजोरीहरू भए पनि संसारमा यसको ठुलो प्रभाव परेको थियो। यसले बेलायतका व्यापक मजदुरलाई आन्दोलनमा भाग लिन लगाएको थियो। साँचो अर्थमा त्यो जनआन्दोलन थियो। राजनीतिकरूपले त्यो सर्वहारावर्गको आन्दोलन थियो।

त्यस आन्दोलनबाट सबै सामन्ती र पुँजीपतिवर्गको विरोधमा मजदुरवर्गले स्वतन्त्र किसिमबाट राजनीतिक सङ्घर्ष गर्न सिके।

यस आन्दोलनमा मार्क्स र एङ्गेल्सको प्रभाव परेका समाजवादीहरू पनि थिए। तिनीहरूले माग पूरा गर्न निर्णायक वा छिनोफानो हुने गरी सङ्घर्ष गर्न बल दिएका थिए। तिनीहरूले 'अरू देशका क्रान्तिकारी मजदुरहरूसँग पनि एक हुनुपर्छ' भनेर जोड दिएका थिए।

सन् १८४७ मा यस आन्दोलनका आन्दोलनकारीहरूले स्वास्नी मानिसहरू र केटाकेटीलाई १० घण्टामात्रै काम गराउनुपर्ने माग गरेका थिए। तर, आन्दोलनको दबाबले पछि पुँजीपतिवर्गले लोग्ने मानिसलाई समेत १० घण्टाको कामको समय तय गर्‍यो। त्यस आन्दोलनबाट मजदुरहरूले यस्तै अरू सानातिना सहुलियत पाए र आन्दोलन गर्न सिके। त्यसले बेलायत र संसारको मजदुर आन्दोलनलाई बाटो देखाएको थियो।

त्यो बाटो हो। व्यापक मजदुरवर्ग एक भएर आफ्नो वर्गको निम्ति राजनीतिक सङ्घर्ष गर्नु, शोषकवर्गको विरोधमा सर्वहारावर्गको स्वतन्त्र राजनीतिक आन्दोलन गर्नु र संसारभरिका मजदुरहरूसँग एक हुनु। यो नै बेलायतका मजदुरहरूको 'मागपत्रको आन्दोलन' को महत्त्व र शिक्षा हो।

'मागपत्र' को आन्दोलनलाई अङ्ग्रेजीमा 'चार्टिस्ट' आन्दोलन भनिन्छ। मागपत्रको आन्दोलन नै मजदुरवर्गको स्वतन्त्र राजनीतिक पार्टीको बीउ थियो।



फुक्सिन, मे १६, २०२४ (सिन्ह्वा)। शिक्षक वू फुलिन र चीनको परम्परागत सारङ्गी बाजाका जानकारले प्रारम्भिक कक्षाका विद्यार्थीलाई उक्त बाजाको अभ्यास गराउँदै। यो पाठशाला उत्तरपूर्वी चीनको लिओनिङ प्रान्तको फुक्सिन मङ्गोल स्वायत्त काउन्टीमा पर्छ। परम्परागत मङ्गोल सम्पदा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्न विद्यार्थीलाई सानै उमेरदेखि यसप्रकारका गतिविधिमा अभ्यस्त पारिँदै छ। *तस्बिर : सिन्ह्वा*

# राष्ट्रपति पुटिन चीन भ्रमणमा

पेइचिङ (चीन), १६ मे (एएनआई)। रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आफ्नो दुईदिने राजकीय भ्रमणका लागि चीन आइपुग्नुभएको सीएनएनले जनाएको छ। मस्को र पेइचिङबिचको सम्बन्ध प्रगाढ बनाउन उहाँ बिहीबार बिहान यहाँ आइपुग्नुभएको हो।

राष्ट्रपतिको रूपमा नयाँ कार्यकाल प्रारम्भ गरेपछि पुटिनको यो पहिलो प्रतीकात्मक विदेश भ्रमण हो। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले देशको उत्तर-पूर्वी खर्सिभ क्षेत्रमा रुसको आक्रमणका विरुद्ध आफ्नो सेनाले प्रतिरक्षा गरिरहेको बेला आगामी सबै अन्तर्राष्ट्रिय भ्रमणहरू रोक्ने घोषणाको केही घण्टापछि रुसी राष्ट्रपति पुटिन चीनको राजधानी पेइचिङ आइपुग्नुभएको हो।

सीएनएनका अनुसार चीनियाँ राष्ट्रपति सी जीङपिङ र रुसी राष्ट्रपति पुटिनको बैठकमा रुस-युक्रेन द्वन्द्व, गाजा युद्धको छलफलसँगै दुई देशबिचको व्यापार, सुरक्षा र ऊर्जा सम्बन्ध विस्तार गर्ने विषयमा पनि छलफल हुने अपेक्षा गरिएको छ।

भ्रमण अगावै राष्ट्रपति पुटिनले चिनियाँ समाचार संस्था सिन्ह्वासँगको अन्तर्वार्तामा दुई देशबिचको रणनीतिक साझेदारीको प्रशंसा गर्नुभएको थियो। उहाँले दुई देशबिच विदेश नीति समन्वयलाई सुदृढ पार्ने, उद्योग र उच्च प्रविधि, बाह्य अन्तरिक्ष र आणविक ऊर्जा, कृत्रिम बुद्धिमता, नवीकरणीय ऊर्जा र अन्य क्षेत्रको प्रयोगको सहकार्यलाई मजबुद बनाउने लक्ष्य राखेको बताउनुभयो।

यसै क्रममा राष्ट्रपति पुटिनले चीनको युक्रेन सङ्कट समाधान गर्ने दृष्टिकोणको पनि प्रशंसा गर्नुभएको थियो। दुवै नेताले रुस-युक्रेन द्वन्द्व सुरु भएदेखि नै आफ्नो देशको कूटनीतिक, व्यापार र सुरक्षा सम्बन्धलाई बलियो बनाउने पहल जारी राखेका छन्।

भेटमा दुवै नेताले द्विपक्षीय सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको रुसी क्रेमलिनले जनाएको छ। चिनियाँ समाचार एजेन्सीले वर्णन गरेअनुसार चीन र रुसले आफ्नो कूटनीतिक सम्बन्धको ७५ वर्ष मनाउँदै छन्।

पेइचिङमा राष्ट्रपति सीसँगको भेटबाहेक पुटिनले रुसको सुदूर पूर्वको सिमानामा रहेको चीनको उत्तर-पूर्वी हेइलोंगजियाङ प्रान्तको राजधानी हार्बिनको पनि भ्रमण गर्ने योजना रहेको स्रोतले बताएको छ।

# जलवायु परिवर्तनले बैङ्ककको स्तानान्तरण बाध्य पार्न सक्ने अधिकारीहरूको चेतावनी

बैङ्कक, १६ मे (एएफपी)। थाइल्यान्डले बढ्दो समुद्री सतहका कारण आफ्नो राजधानी बैङ्कक स्थानान्तरण गर्ने विचार गर्नुपर्ने देशको जलवायु परिवर्तन विभागका एक वरिष्ठ अधिकारीले बुधबार बताउनुभएको छ।

बैङ्कक शताब्दीको अन्त्यअघि समुद्रले डुबानमा पर्ने जोखिम रहेको लगातारको अनुमानले देखाइरहेको छ। व्यस्त राजधानीको धेरैजसो भाग वर्षाका मौसममा बर्सेनि बाढीसँग जुधिरहेको छ।

जलवायु परिवर्तन तथा वातावरण विभागका उपमहानिर्देशक पाभिच केसावाओङले सहरले हालको तापक्रमको मार्गमा विश्वसँग अनुकूलन गर्न नसक्ने चेतावनी दिनुभयो।

पूर्व-औद्योगिक स्तरबाट विश्वव्यापी तापक्रममा भएको वृद्धिलाई उल्लेख गर्दै उहाँले एएफपीलाई भन्नुभयो, "मलाई लाग्छ कि हामी पहिले नै एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा माथि छौँ, अब हामीले अनुकूलनका बारेमा सोच्नुपर्छ। यदि हामी हाम्रो वर्तमान परिस्थितिमा रहिरह्यौँ भने बैङ्कक पानीमा डुबिसकेको हुनेछ भन्ने मलाई लाग्छ।"

बैङ्कक सरकारले नेदरल्यान्ड्समा प्रयोग भएजस्तै बाँधहरूको निर्माण गर्ने उपायहरू खोजिरहेको छ। छलफल काल्पनिक भए पनि मुद्दा जटिल भएकोमा जोड दिँदै पाभिचले भन्नुभयो, "हामीले स्थानान्तरणबारे सोच्दै आएका छौँ, व्यक्तिगतरूपमा मलाई यो राम्रो विकल्प लाग्छ, त्यसैले हामीले राजधानी, सरकारी क्षेत्र र व्यापारिक क्षेत्रहरू अलग गर्न सक्छौँ।"

थाइल्यान्डले गर्मी र खडेरीसँग सङ्घर्ष गरिरहेका किसानदेखि लिएर कोरल ब्लिचिङ र प्रदूषणबाट प्रभावित पर्यटन व्यवसायसम्म विभिन्न क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव झेलिरहेको छ।

हालैको कोरल ब्लिचिङको प्रतिक्रियामा यसले धेरै राष्ट्रिय निकुञ्जहरू बन्द गरेको छ। पाभिचले थप निकुञ्ज बन्द हुने सम्भावना रहेको बताउनुभयो। "हामीले हाम्रो प्रकृतिलाई जोगाउनुपर्छ, त्यसैले हाम्रा स्रोतहरूको रक्षा गर्न हामी कुनै पनि उपाय अवलम्बन गर्नेछौँ," उहाँले भन्नुभयो।

यद्यपि, विशेषगरी थाइल्यान्डको उत्तरमा वायु प्रदूषणको बढ्दो समस्यालाई सम्बोधन गर्ने सरकारी प्रयासले अझै प्रतिफल दिन नसकेको पनि पाभिचले स्वीकार गर्नुभयो।

मन्त्रिपरिषद्ले यस वर्ष स्वच्छ हावामा केन्द्रित एउटा विधेयकलाई अनुमोदन गरेको तथा राष्ट्रिय निकुञ्जका अधिकारीहरूले संरक्षित क्षेत्रहरूमा आगलागी रोक्न र निभाउने प्रयासहरू बढाएको पाभिचले बताउनुभयो।

पाभिचले कार्बन मूल्य निर्धारण र न्यूनीकरणदेखि लिएर अनुकूलन उपायहरूसम्म सबै कुराको प्रावधान समावेश रहेको विधेयक यस वर्ष कानुनमा पारित हुने सम्भावना रहेको बताउनुभयो।

थाइल्यान्डले सन् २०५० सम्ममा कार्बन तटस्थता र सन् २०६५ सम्ममा शुद्ध-शून्यको लक्ष्य राखेको छ।

# स्लोभाक प्रधानमन्त्री फिकोमाथि भएको आक्रमण कायरतापूर्ण : प्रधानमन्त्री मोदी

नयाँदिल्ली, १६ मे (एएनआई)। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि भएको गोली प्रहारलाई 'कायरतापूर्ण र डरलाग्दो कार्य' भएको निन्दा गर्दै प्रधानमन्त्री फिकोको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

"स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि गोली प्रहारको खबरले गहिरो आघात लाग्यो। म यो कायरतापूर्ण कार्यको कडा निन्दा गर्दछु र प्रधानमन्त्री फिकोको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। भारत स्लोभाक गणतन्त्रका जनतासँग एकतामा उभिएको छ," सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री मोदीले भन्नुभयो।

स्लोभाकियाका चौथोपटक प्रधानमन्त्री रहनुभएका रोबर्ट फिको बुधबार (स्थानीय समय) ह्यान्ड्लोभामा गोली प्रहारमा परी घाइते हुनुभएको स्थानीय पत्रिका द स्लोभाक स्पेक्टेटरले जनाएको छ। आक्रमणपछि उहाँलाई अस्पतालमा भर्ना गरिएको थियो।

प्रधानमन्त्री फिको मानिसहरूलाई भेट्न निस्किँदा घटनास्थलमा गोली प्रहार गरिएको थियो भने आरोपित आक्रमणकारीलाई घटनास्थलमै पक्राउ गरिएको थियो र उक्त क्षेत्र खाली गराइएको थियो।

प्रत्यक्षदर्शीका अनुसार प्रधानमन्त्री फिको उहाँलाई स्वागत गर्ने मानिसहरूलाई भेट्न बाहिर आएपछि गोलीको आवाज सुनिएको थियो। त्यसपछि फिकोलाई रगतमा लतपतिएको अवस्थामा भुइँमा लडेको पाइएको थियो।

यो घटना ह्यान्डलोभामा भएको सरकारी बैठकपछि भएको हो र घटनापश्चात् प्रधानमन्त्री फिकोलाई तुरुन्त अस्पतालमा भर्ना गरिएको थियो।

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले घटनाको बारेमा सुनेर आफू 'स्तब्ध' भएको बताउनुभयो। "यो भयानक समाचार सुनेर स्तब्ध भएँ। हामी प्रधानमन्त्री फिको र उहाँको परिवारको साथमा छौँ," सामाजिक सञ्जाल एक्समा प्रधानमन्त्री सुनकले लेख्नुभयो।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले स्लोभाकियाका प्रधानमन्त्रीविरुद्ध हिंसाको निन्दा गर्नुभएको छ। "स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि भएको आक्रमण भयावह छ। हामी हाम्रो छिमेकी साझेदार राज्यको सरकारका प्रमुखविरुद्धको हिंसाको कडा निन्दा गर्दछौँ," जेलेन्स्कीले सामाजिक सञ्जालमा लेख्नुभयो।

## विश्व सङ्क्षेप

# बेलायतमा नौ वर्षभन्दा कम उमेरका बालबालिकाको लागि यौन शिक्षामा प्रतिबन्ध लगाइने

लन्डन, १६ मे (एएफपी)। बिहीबार प्रकाशित हुने नयाँ सरकारी प्रस्तावअनुसार इङ्गल्यान्डका विद्यालयहरूमा नौ वर्षभन्दा कम उमेरका बालबालिकालाई यौन शिक्षा र लिङ्ग पहिचान शिक्षामाथि प्रतिबन्ध लगाइने भएको छ।

यसले प्राथमिक उमेरका स्कूले बालबालिकाका लागि पाठको विषयवस्तुमा चिन्ता दर्शाएको शिक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। कन्जरभेटिभ प्रधानमन्त्री ऋषि सुनकलाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ, "आफ्ना बालबालिकालाई विद्यालय पठाउँदा उनीहरूलाई सुरक्षित राखिन्छ र बालबालिकाको उमेरका लागि अनपयुक्त विचलित सामग्रीको सम्पर्कमा आउँदैनन् भन्नेबारे अभिभावकले भरोसा गरेका हुन्छन्। त्यसैले गत वर्ष हाम्रा कक्षाहरूमा यस्तो भएको खबर सुनेर म भयभीत भएको थिएँ।"

नौ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि यौन शिक्षामाथि प्रतिबन्धका साथै लिङ्ग पहिचानको विवादित सिद्धान्त पनि नपढाइने मन्त्रालयले बताएको छ।

गत महिना लैङ्गिक पहिचानका मुद्दाहरूसँग जुधिरहेका युवाहरूलाई नारी बनाउने हर्मोन उपचारहरू सिफारिस गर्नमा 'अत्यन्त सावधानी' उपाय चाल्न आग्रह गर्ने गत महिना भएको ऐतिहासिक समीक्षापछि यस्तो कदम चालिएको हो।

नयाँ प्रस्तावमा आत्महत्या रोकथाममा थप सामग्री र अनलाइन आत्मक्षतिलाई बढाउने सामग्री हेर्ने जोखिमहरू पनि समावेश हुनेछ। प्रस्ताव नौ साताको परामर्शको अधीनमा हुनेछ र अन्तिम रूप दिइएपछि वैधानिक हुनेछ।

# एडीबीद्वारा भारतमा विद्युत् आपूर्ति सुधार गर्न १४ करोड ८५ लाख डलर ऋण स्वीकृत

मनिला, १६ मे (सिन्ह्वा)। एसियाली विकास बैङ्क (एडीबी) ले बिहीबार भारतको सिक्किममा विद्युत् वितरण प्रणालीलाई बढावा दिन र विद्युत् आपूर्तिको लचिलोपन बढाउन १४ करोड ८५ लाख अमेरिकी डलर ऋण स्वीकृत गरेको छ।

परियोजनाले विद्यमान २६ वटा विद्युत् सवस्टेसनलाई अपग्रेड गर्दै करिब सात सय ७० किलोमिटर जलवायु-लचिलो कन्डक्टर स्थापना गरेर सिक्किमको विद्युत् वितरण प्रणालीलाई उन्नत र आधुनिकीकरण गर्ने वाचा गरेको छ।

परियोजनाअनुरूप नवीकरणीय ऊर्जा प्रणाली स्थापना गरेर र व्यावसायिक सीप सुधार गरेर कम्तीमा एक हजार एक सय महिलाको जीविकोपार्जन बढाउने एडीबीले जनाएको छ।

परियोजनाले विशेषगरी जाडो महिनामा ग्रामीण स्वास्थ्य सेवा सुविधाहरूको क्षमता बढाउन २४ वटा प्राथमिक स्वास्थ्य सेवा उपकेन्द्रमा सौर्य ऊर्जा प्रणाली र ऊर्जा-कुशल विद्युतीय उपकरणहरू पनि तैनाथ गर्ने एडीबीले जनाएको छ ।

# सुडानमा खाद्यसङ्कट पर्ने संयुक्त राष्टसङ्घीय अधिकारीको चेतावनी

खार्तुम, १६ मे (सिन्ह्वा)। संयुक्त राष्ट्रङ्घीय विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) का वरिष्ठ अधिकारीले बुधबार सुडानका युद्धग्रस्त क्षेत्रहरूमा अनिकालका कारण जीवन बचाउने प्रक्रिया असहज बन्दै गएको चेतावनी दिएका छन्।

डब्ल्युएफपीका उपकार्यकारी निर्देशक कार्ल स्काउले सुडानको भ्रमणपछि राष्ट्रसङ्घीय न्युज सेन्टर केन्द्रले उहाँलाई उद्धृत गर्दै भनेको छ, "सुडानको स्थिति निराशाजनक र द्रुतरूपमा बिग्रँदै गएको छ। हामीलाई पहुँचको स्तरमा आदर्श परिवर्तनको आवश्यकता छ, अन्यथा हामीले सुडानमा विपत्ति देख्नेछौँ।"

स्काउले गम्भीर खाद्य असुरक्षाबाट पीडित अनुमान गरिएका एक करोड ८० लाख सुडानीमध्ये डब्ल्युएफपी २५ देखि ३० प्रतिशतसम्म मात्र पुग्नसकेको बताउनुभयो।

उहाँले सुडानमा नागरिकहरूको सुरक्षा गर्न र मानवीय प्रतिक्रियालाई सुदृढ पार्न ठोस कूटनीतिक प्रयास र थप स्रोतहरू तत्काल आवश्यक रहेको बताउनुभयो।

डब्ल्युएफपीका अनुसार सुडानमा कम्तीमा ५० लाख मानिस भोकमरीको सँघारमा छन्। तीमध्ये अधिकांश गत वर्ष अप्रिलमा सुरु भएको द्वन्द्वबाट प्रभावित क्षेत्रहरू डार्फर र कोर्डोफान क्षेत्र र राजधानी खार्तुमका रहेका छन्।

डब्ल्युएफपीले द्वन्द्व दोस्रो वर्षमा प्रवेश गरेसँगै सुडानले विश्वको सबैभन्दा खराब भोकमरी र सङ्कटको सामना गर्नुपर्ने चेतावनी दिएको छ।

संयुक्त राष्ट्रसङ्घका अनुसार सुडानको आधा वा करिब दुई करोड ५० लाख जनसङ्ख्यालाई मानवीय सहायता र सुरक्षा चाहिन्छ। करिब एक करोड ८० लाख मानिसले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन्।

सुडानले सन् २०२३ अप्रिल १५ देखि सुडानी सशस्त्र बल र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सबिच घातक झडपको सामना गरिरहेको छ। झडपका कारण हालसम्म १५ हजार पाँच सय ५० व्यक्तिको ज्यान गएको छ। यसैगरी, ८७ लाख जनता विस्थापित भएको अनुमान राष्ट्रसङ्घीय मानवीय मामिला समन्वयको कार्यालयले गरेको छ ।

# इलामको उपनिर्वाचनलाई सम्झँदा – २

✦ दिनेश



वैशाख ९ गतेका दिन बिहान सबेरै नास्ता खाएर केही साथीहरू पर्यटकीय क्षेत्र पाथीभरा मन्दिर अध्ययनको लागि गए। हामी केही साथीहरू देउमाई नगरपालिकाका पहिरे भञ्जाङ, शान्ति डाँडा, गाग्रो भञ्जाङ, जितपुर, पानीटार, नवमी, अरूबोरे, सिद्धथुम्कामा घरदैलो कार्यक्रममा लाग्यौं। शान्ति डाँडामा एकजना दिदीसँग भेट भयो। दिदीका श्रीमान् रोजगारीको सिलसिलामा विदेश गएका रहेछन्। घरमा छोराछोरीमात्र थिए। दिदी स्थानीय निकायको निर्वाचनमा काङ्ग्रेसबाट दलित वडा सदस्यमा उठेकी रहिछन्। हामीले नेपाल मजदुर किसान पार्टीको विषयमा उनीसँग छलफल गर्‍यौं। अध्ययनका लागि उनलाई केही पार्टी प्रकाशन दियौं।

त्यसपछि हामी पानीटार गयौं। एकजना स्थानीय दिदीले पानीटार चिया बगान कन्यामको भन्दा निकै राम्रो छ भनेपछि हामी त्यहाँ जाने सोच्यौं। पानीटारको चिया बगान हेरौं। राम्रो चिया बगान रहेछ। चिया बनाउने कारखाना पनि गयौं। चियापत्ती थुपारेर राखेको थियो। हामीले साहुजीसँग सोध्यौं, कोठाभरि यतिका चियापत्ती किन थुपारेर राख्नुभएको ? उनीले भन्नुभयो, "नबिकेर राखेको जति बिक्री हुन्छ त्यसको पनि समयमै पैसा आउँदैन।" हामीले पर्चा र घोषणापत्र दियौं।

उम्मेदवार श्याम दाइले भन्नुभयो, "किसानहरूको समस्या आज पनि त्यस्तै छ। जबसम्म काम गरी खाने जनताका प्रतिनिधि सत्तामा पुग्दैनन् तबसम्म कामदार जनताले सुख पाउने छैनन्। कामदार वर्गमाथि शोषण गर्नु नै पुँजीवादी व्यवस्थाको विशेषता हो। त्यसकारण, नेमकिपाको मादल चिह्नमा मतदान गर्नुपर्छ।" कारखानामा थरीथरीका चियापत्ती रहेछन्। हामीले सबैभन्दा राम्रो चिया २ किलो किन्यौं। त्यहाँबाट बिदा मागी जितपुरतिर लाग्यौं।

जितपुरमा एउटा कपडा पसलमा भोट माग्ने क्रममा एकजना दिदीसँग भेट भयो। उनका श्रीमान् पनि विदेशमा रहेछन्। उनले शासक पार्टीहरूले अहिलेसम्म केही नगरेको र आफ्नो व्यक्तिगत स्वार्थमा लागेको गुनासो सुनाइन्। हामीले उनलाई पार्टीको घोषणापत्र र पर्चा दियौं। हामीले भन्यौं, "अब शासक दललाई मत दिनु हुन्न। नेमकिपाको मादल चिह्नमा मतदान दिनुपर्छ। शासक दलहरूले देशघाती नागरिकता विधेयक, एमसीसी सम्झौतालगायत देशका ठुलठुला नदीनाला विदेशीलाई सुम्पिसकेका छन्।" त्यसपछि हामी सिद्धथुम्काको एउटा होटलमा खाना खानको लागि रोक्यौं।

बिहानको १२:३० बजिसकेको थियो। घाम चर्किसकेको थियो। होटलमा खाना बनुञ्जेल केही समय पर्चा बाँड्यौं। खाना खाइसकेपछि हामी माङसेबुङ गाउँपालिकातिर लाग्यौं। होटलका साहुजी पनि हाम्रै गाडीमा तल भञ्जाङसम्म गए। गाडीमा होटल साहुसँग कुरा भयो। उनी पहिले नेपाली काङ्ग्रेसको क्षेत्रीय प्रतिनिधि रहेछन्। काङ्ग्रेसको राजनीतिबाट वाक्कदिक्क लागेर निष्कृय भएको उनले बताए। बीपीको समाजवादी प्रजातन्त्र र एमालेको जबजको विषयमा उनले हामीलाई सुनाइरहे। छोटो यात्रामा उनले फ्रान्सको पेरिस कम्युन, जर्मनीको मजदुर आन्दोलनदेखि रुसको अक्टोबर क्रान्तिसम्मको विषयवस्तु बताए। उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा अध्ययन गरेको कुरा कुराकानीबाट थाहा भयो। हामीले उनलाई पार्टी अध्यक्ष रोहितको अन्तर्वार्तासङ्ग्रह 'समय र विचार' दियौं र पछि भेट्ने वाचासहित उनी गाडीबाट ओर्ले।

सिद्धथुम्काबाट माङसेबुङ गाउँपालिका पुग्न चार घण्टा लाग्यो। बाटो खाल्डाखुल्डी र धुलाम्मे थियो। धुलोले गर्दा अगाडिको बाटोसमेत नदेखिने अवस्था थियो। हामी गाडीको पछाडि बसेका थियौं। हाम्रा साथीहरूको हालत के हुने भन्ने ठेगान थिएन। खाल्डाखुल्डीले गर्दा गाडीको यात्रा कठिनाइपूर्ण भयो।

माङसेबुङ जाँदै गर्दा बिच बाटोमा (मुढा चिह्न) पहिचानवादीका स्वतन्त्र उम्मेदवार लिएका चुनावीसभा भइरहेको थियो। चतुरे बजारमा केही समय रोकेर हामीले उम्मेदवारका दाजु र भाउजूलाई भेट्यौं। बेलुका ७:३० बजे हामी माङसेबुङ गाउँपालिका पुग्यौं। माङसेबुङ गाउँपालिका किराँती धर्मावलम्बीहरूको प्रमुख थलोका रूपमा लिइन्छ। किराँत धर्मका गुरु फाल्गुनन्द लिङ्देनको मृत्युपछि उनका नाति आनन्द लिङ्देनलाई किराँत धर्मको गुरु मानिँदो रहेछ।

माङसेबुङ गाउँपालिकालाई माछा-मासु, जाँड-रक्सी, चुरोट, खैनीजन्य पदार्थ खान र बेच्न निषेधित क्षेत्र घोषणा गरेको रहेछ। त्यहाँ रैथाने वा पर्यटक जो कोहीले पनि त्यस क्षेत्रमा यी निषेधित पदार्थ सेवन गरेको थाहा पाएमा कारबाही हुने रहेछ। हातखुट्टा धोएर केही समय आराम गरेपछि खाना खान गयौं। खाना खाएर भोलिका लागि सामग्री तयार गरी सुत्यौं।

पाँचौं दिन १० गते बिहान चिया खाइसकेपछि घरदैलो गर्दै जाँदा हामी किराँती धर्मावलम्बीहरूका गुरुको आश्रममा पुग्यौं। गुरुलाई भेट्न उनको आश्रममा गयौं। उनीसँग भेट्नको लागि बार मिलाउनुपर्ने रहेछ। १० गते सोमबार छोरीको विवाहको तयारीका कारण गुरुसँग हाम्रो भेट भएन। त्यसपछि पर्चा बाँड्दै अघि लाग्यौं। काठ नै काठले बनाएका घरहरू मनोरम देखिन्थे। एकजना आमा आलुचप बनाउँदै हुनुहुन्थ्यो। हामीले १५० रूपैयाँको आलुचप किन्यौं। मौलिक शैलीमा बनाएको स्थानीय अचारसँग आलुचप खायौं। हाम्रो प्रचार अभियान अगाडि बढ्यो।

एउटा घरमा माटाका गमलाहरू देखेर हामीले नजिकै बसिरहेका दाइलाई सोध्यौं, "तपाईंले यी माटाका गमलाहरू कहाँबाट ल्याउनुभएको ?" भित्रबाट एकजना दिदी बाहिर आउनुभयो र भन्नुभयो, "भक्तपुरबाट ल्याएको हो।" भक्तपुर भनेपछि हामी उहाँसँग कुरा गर्न अलि नजिक गयौं। उहाँको माइत भक्तपुरको कटुञ्जेमा रहेछ। अझ उहाँ हामीले चिनेका बखुन्छें दाइको घर नजिकैको भन्ने थाहा भयो। केही समयको भलाकुसारीपछि हामी त्यहाँबाट बिदा मागेर घरदैलोमा लाग्यौं।

हामी माङसेबुङको भालुटार हुँदै माङसेबुङ स्वास्थ्य चौकीमा पुग्यौं। स्वास्थ्य चौकीमा हामीले के कस्तो अवस्था छ भनेर जानकारी लियौं। ५ शय्याको अस्थायी अस्पताल बनाइसकेको स्वास्थ्य चौकीलाई नगरस्तरीय अस्पताल बनाउने योजना रहेको स्वास्थ्यकर्मीहरूले बताए। हामीले हाम्रो प्रेसर जाँच गरायौं। केही पुरिया जीवनजल र मास्क नि:शुल्क उपलब्ध भयो। धुलोको कारण बखुन्छें दाइको आँखा रातो भएकोले 'आइड्रम' दिनुभयो। स्वास्थ्यकर्मीहरूलाई धन्यवाद दिँदै त्यहाँबाट घरदैलो गरेर हामी फाकफुकथुम गाउँपालिका जाने तयारी गर्न थाल्यौं। बाटो राम्रो नभएको र गाडीमा डिजेल कम हुनाले हामी फाकफुकथुम जान सकेनौं। साँझ ७ बजेतिर हामी होटल पुग्यौं। आराम गरेर हामीले भोलि कुन-कुन क्षेत्रमा प्रचार गर्ने भनी छलफल गर्‍यौं। खाना तयार भएको खबर आएपछि खाना खाएर हाम्रो आराम गर्न कोठामा गयौं।



छैटौं दिन ११ गते बिहान हामी प्रचारको लागि चिया खाएर तयार हुँदै थियौं। गाडीको चाबी नभेटेपछि केही घण्टा ढिला भयो। नयाँ चाबी बनाउन कालिगड बोलाउनुपर्ने भयो। कालिगडलाई कुर्दै गर्दा खाना तयार भइसकेको थियो। खाना खाइसकेपछि चाबी पनि बन्यो र हामी चुलाचुलीमा प्रचारको लागि निस्कियौं। चुलाचुली वडा नं १ को राई टोलमा एकजना मोटो शरीर भएका दाजु ठुलो स्वरमा कराउँदै हामीतिर आए। ती दाजुलाई हाम्रा साथीहरूले छलफलमा डाके। गर्मीका कारण ती दाजुले माथिको लुगा लगाएका थिएनन्। उनले 'लुगा लगाएर आउँछु' भने साथीहरूले तानेर छलफलमा ल्याए। मोटा दाजुले भने "यति नै हो कि अरू पनि छ ? छ भने बोलाउनू।" त्यसपछि मैले हाम्रो पार्टीको धारणा तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा कुरा राखें। उनले सुनिरहे सायद मेरो कुराले मनमा छोयो होला। सुरुमा जङ्गिरका मान्छे पछि शान्त भए। उनले गुनासो गरे, "तपाईंहरू सधैं आउनुपर्‍यो, एकचोटि आएर हुँदैन। पछि परिचय गर्ने क्रममा पहिले केही समय भक्तपुरको राधेराधेमा काम गरेको सुनाए। पछि भेट्न सहमतिमा हामीले उनको सम्पर्क नम्बर लियौं र हाम्रो पनि दियौं। त्यसपछि अलि वर राई टोलको मुख्य बजारमै एकजना दाजु बसिरहेका थिए। हामीले उनलाई पार्टीको घोषणापत्र र पर्चा दिन गयौं। उनले म प्रेम सुवालको फ्यान हो भने। उनले संसद्‌मा प्रेम दाइले बोल्नुभएको प्राय:जसो सबै रेकर्ड हेर्ने गरेको बताए। त्यसपछि हामीले उनको विषयमा सोध्यौं। उनले माओवादी चुलाचुली नगर समितिको अध्यक्षबाट राजीनामा दिएर बसेको सुनाए। पार्टीको कार्यशैली र व्यक्तिगत स्वार्थमा नेताहरू लागेको देखेर आफूलाई चित्त नबुझेकोले पार्टीबाट राजीनामा दिएको उनले भने। छलफल गर्दागर्दै साँझ भइसकेको हुनाले हामी होटलमा फर्कियौं। होटलमा राति १२ बजेसम्म सिंहावलोकन बैठक बस्यौं। बैठकमा सबैजनाले आ-आफ्नो अनुभव सुनाए। त्यसपछि मोरङ र उदयपुर जिल्लाका साथीहरूसँग सम्पर्क भयो। उनीहरूले कार्यक्रमको तयारी गरे र हामी तीन जना उक्त कार्यक्रमका लागि हिँड्यौं। बाँकी साथीहरू घर फर्के। निर्वाचनमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद गर्दछौं।

*-समाप्त*

# गर्मीयाममा कस्तो पेयपदार्थ पिउने ?

✦ अरूणा उप्रेती

गर्मीयाम सुरु भएसँगै तिर्खा मेट्नको लागि विभिन्न चिसो पेयपदार्थ (कोल्डड्रिङ्कस) को खपत बढ्ने गर्दछ। अहिले धेरै मानिसहरू स्वस्थकर तथा पोषिला स्थानीय पेयपदार्थको सट्टा बजारिया पेय पदार्थको स्वादमा लट्ठ पारिरहेका छन्। मानिसहरूले दूध, दहीजस्ता पोषिला पेय पदार्थ बेचेर विभिन्न ब्रान्डका पेयपदार्थ सेवन गरिरहेको देखिन्छ। चिसो पेयपदार्थहरू अहिले गाउँघरमा छ्यापछ्याप्ती छन्। यस्ता वस्तुहरू अहिले शान, मान र सगुन सामग्री नै बनिसकेको देखिन्छ। यी पेयपदार्थहरूले मोही, सर्वतजस्ता नेपाली शैलीका कैयौं पेयपदार्थलाई विस्थापन गर्दै लगिरहेका पनि छन्।

अति गुलिया र रसायन मिसिएका यी पदार्थका कारण भविष्यमा उपभोक्ताहरूको दाँत, पेट, हाडजोर्नीलगायत शरीरका अन्य अङ्गहरूमा रोगले घर बनाउँछ। यी पेयहरूले मोटोपनको समस्या निम्त्याउँछ। जतिजति यी पेयहरूको उपभोग बढ्दै जान्छ, त्यति नै तिनीहरूको सेवनबाट हुने स्वास्थ्य समस्याहरू पनि थपिँदै गएको छ। बजारमा जताततै पाइने चिसो पेय अहिले नेपालका त्यस्ता दुर्गम स्थानहरूमा पनि पुगेका छन्, जहाँ दूधका पाकेट र औषधिहरू पनि पुग्न सकेका छैनन्। यी वस्तुहरूको तडकभडकयुक्त प्रचारप्रसार र पहुँचका कारण दुर्गम ग्रामीण क्षेत्रका मानिसले पनि अहिले यी वस्तुहरूलाई फेसन र आधुनिकताको प्रतीकका रूपमा स्वीकार गरिरहेका छन्। अधिकांश उपभोक्तालाई ती चिसो झोलमा भएका तत्त्वहरू र तिनीहरूले शरीरलाई पार्ने हानिबारे कुनै जानकारी नै भएको हुँदैन। वास्तवमा यी पेयपदार्थहरू रङ्ग, बास्ना, गुलियो अमिलो स्वाद घोलेर फिँज उठ्ने बनाई आकर्षक बोतलमा बन्द गरिएका चिसो पेय हुन्, जुन धेरै महँगा र हानिकारक हुन्छन्।

यस्ता चिसो पेयमा चिनीको मात्र अति नै बढी हुन्छ। भविष्यमा विभिन्न स्वास्थ्य समस्याका कारण पनि बन्न सक्छन्। ती तत्त्वहरूले मानिसको हाड कमजोर हुने, शरीर मोटो पार्ने, दाँत खियाउने र क्यान्सरजस्ता रोगहरू लगाउन सक्छन्।

**कोल्डड्रिङ्कसको सट्टा कागती पानी**

गर्मीयाममा तिर्खा मेट्नका लागि बजारिया चिसो पेयपदार्थ नै सेवन गर्नुपर्छ भन्ने छैन, वर्षैभरि पाइने कागती गर्मीमा वा जाडो जुनसुकै बेलामा, तातो वा



चिसो जे पदार्थमा मिलाएर खान सकिन्छ। स्वाद र स्वास्थ्य दृष्टिकोणले पनि यो अति राम्रो तत्त्व हो।

म कागतीलाई 'औषधिको डल्लो' भन्छु। बिहान उठ्ने बित्तिकै चिनी नहालेको कागती चिया खान्छु। दालमा मिलाएर खान्छु। यसैले मैले कहिले पनि भिटामिन 'सी' को गोली खानै परेको छैन। कागतीमा पाइने एउटा महत्त्वपूर्ण तत्त्व हो भिटामिन 'सी'। भिटामिन 'सी' को महत्त्वको बारेमा अहिले त धेरै जनाले थाहा पाइसकेका छन्। विज्ञानले पुष्टि गरेको छ कि भिटामिन 'सी' ले रोगसँग लड्न सक्ने प्रतिरोधात्मक शक्ति प्रदान गर्छ।

हाम्रो भान्छामा खाइने अचार पनि भिटामिन 'सी' ले युक्त हुन्छ। गर्मी सुरु हुने बेलामा अक्षय तृतीयामा साह्रै कागतीको सर्बत र जौको सातु खान दिने हाम्रा पुर्खाहरूले चलाएको चलन पनि कागतीको महत्त्व बुझेर नै होला। गर्मीको बेलामा कागतीसँग सातु पिउँदा पेट भरिन्छ र गर्मीको बेलामा हुने विभिन्न पेटको गडबडीबाट बच्न सकिन्छ। गर्मीमा शरीरलाई चाहिने ऊर्जा पनि पर्याप्त हुन्छ।

साइट्रिक एसिड विभिन्न फलफूलमा पाइन्छ भन्ने जानकारी वैज्ञानिकहरूले १७ औं शताब्दीमा पत्ता लगाएका हुन्। शरीरको अतिरिक्त क्रियाकलापहरूलाई सञ्चालन गर्न यो एसिडको महत्त्व छ र कागतीमा यो सहजै पाइन्छ। आजकल कागतीको रस हालेर चिया, सर्वत खान वा पाहुनालाई सत्कार गर्ने चलन बढेको छ। गर्मीको बेलामा पनि स्वास्थ्यकर कागतीको सर्बत हामी दिन हिच्किचाउनु पर्दैन। बालबालिकालाई पनि बट्टाको 'जुस' होइन कागतीको सर्बत दिनुपर्छ।

यति मात्र होइन, कागतीको रसको प्रयोगले दाँतको गिजाबाट रगत बग्ने समस्यालाई कम गर्न पनि मद्दत गर्छ। त्यसैले, गर्भवतीलाई कागती खाने सल्लाह दिने चलन गाउँघरमा अझै पनि छ। रुघाखोकी लाग्दा कागती पानी र मह खानुपर्छ भनेर धेरैले थाहा पाएका छन्। कागतीलाई दैनिक भोजनको नै प्रयोग गरियो भने रोग प्रतिरोधात्मक शक्ति बलियो हुन्छ र हरेक चोटि मौसम बदलिदा रुघाखोकी लाग्न कम हुन्छ भन्ने पनि थाहा पाउनुपर्छ। गाउँघरमा गर्भवती महिलालाई वाकवाक लाग्दा कागती र नून खानु भनेर सल्लाह दिइन्छ र यसले वास्तवमा नै वाकवाक कम गर्छ।

कागतीसँगै गर्मीमा प्रयोग गर्नुपर्ने बाबरी वा पुदिना पनि हो। बाबरी ( मधेसतिर पुदिना पनि भन्छन्) को अचार बनाएर खाने चलन त पहिलेदेखि नै हो। गर्मीको बेलामा त यो पानीमा हालेर खाए हुन्छ। जुन तरिकाले खाए पनि स्वास्थ्य र स्वस्थ दुवै दिन्छ। वीरे नून र कागती हाली पिसेर बनाइएका पुदिनाले खाना रुचाउनुका साथै पाचन प्रक्रियामा पनि सहयोग गर्दछ। पानीमा बाबरी र कागतीको टुक्रा भिजाएर राख्ने र त्यो पानी पिउनाले धेरै नै लाभ पुग्दछ।

# मनाङको विकासमा ठेकेदारको लापरबाही

मनाङ, ३ जेठ । मनाङ नासों गाउँपालिका-५, ६ र ७ जोड्ने दूधखोलामाथि निर्माणाधीन पुल ठेकेदारको लापरबाहीका कारण अलपत्र बनेको छ ।

विकट क्षेत्रको विकास एक हुनै मुस्किल हुन्छ । यी क्षेत्रमा मौसमको पनि चुनौती पनि उस्तै रहन्छ । विकट जिल्ला मनाङको विकास अहिले यस्तै अवस्थामा छ । पटक-पटक म्याद थपिँदा पनि विकासले पूर्णता पाउन सकेको छैन ।

विसं २०७३ असारमा पुल निर्माण सम्पन्न गर्न तत्कालीन जिल्ला विकास समितिले निर्माण कम्पनीलाई ठेक्कामा दिएको थियो । विसं २०७४ मा सम्पन्न गर्ने गरी द क्याराभान कम्पनीलाई ठेक्का दिइएकामा नौ वर्ष हुनै लाग्दा कामले गति लिन सकेको छैन ।

रु. तीन करोड ५५ लाखको लागतमा निर्माण हुन लागेको दूधखोलामाथिको पुलको दुई किनारामा पिलर मात्र उठाएर ठेकेदार सम्पर्कविहीन भएको छ । ठेक्काको आधाभन्दा बढी रकम ठेकेदारलाई भुक्तान भइसकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । पुल धारापानीबाट तिल्चे हुँदै तिब्बत जोड्ने सडकमा पर्दछ ।

उक्त पुल नबन्दा मनास्लु पदमार्गमा आउने पर्यटकलाई हिँड्न समस्या भइरहेको छ । साथै स्थानीयले बिरामी पर्दासमेत समस्या भोग्नुपरेको बताउँछन् । स्थानीयले ढुवानी तिरेर सामग्री ओसारपोसार गर्न बाध्य छन् । ठेकेदार कम्पनीले ठेक्का मात्र ओगटेर काम नगरेपछि स्थानीय रुष्ट छन् ।

नासो गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले पटकपटक ठेकेदारसँग काम गर्ने सहमति गरे पनि कार्यान्वयन नभएको बताउनुभयो । "दैनिकरूपमा ठेकेदारलाई फोन गर्छु, फोन उठ्दैन, मन्त्रालय र सडक विभागमा पनि जानकारी गराएका छौँ," उहाँले भन्नुभयो ।

चालु आर्थिक वर्षभित्र काम नभए कानुनी प्रक्रियाबाट अघि बढ्ने अध्यक्ष गुरुङले बताउनुभयो । "कारबाही गर्नुपर्ने कम्पनीलाई पटक-पटक म्याद थप्दै नयाँ ठेक्का दिइएको छ । नदीमा पुल नबनेपछि स्थानीयले काठेपुल बनाएर मोटर वारपार र सामग्री ढुवानी गर्छन्," उहाँले भन्नुभयो ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले काम पूरा गर्न पटक-पटक आग्रह गरिएको बताउनुभयो ।

"पटक-पटक सम्पर्कपछि गरिएको प्रतिबद्धताअनुसार काम नगर्ने ठेकेदार कम्पनीलाई कारबाही प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायलाई पत्राचार गरिसकेका छौँ," प्रजिअ लामिछानेले भन्नुभयो ।

सडक सञ्जाल ढिलो पुगेको मनाङका अधिकांश खोलामा अहिले पनि काठकै पुलमार्फत सवारीसाधान तथा आमनागरिक आउजाउ गर्छन् । एउटै पुल बनाउन बर्सेनि रु. पाँच लाखभन्दा बढी खर्च हुन्छ । काठको पुलबाट यात्रा गर्दा जोखिम उस्तै हुने गरेको छ ।

पर्यटक तथा स्थानीय दुधखोला तरेर तिल्चे, गोवा, भीमथाङ हुँदै गोरखा र उत्तरी छिमेकी देश चीनसम्म यात्रा गर्छन् । वर्षा लागेपछि यस क्षेत्रमा आवतजावत नै ठप्प हुन्छ । सवारीसाधन आवतजावत नभए पनि आमनागरिक र पर्यटकलाई सहज भएका झोलुङ्गे पुल भत्किएका छन् ।

विसं २०७८ मा बाढीले ठाउँ-ठाउँमा बनेका झोलुङ्गे पुल बगाएपछि अझ यस नदी, खोलानालाबाट आवतजावतमा समस्या भएको छ । सदरमुकामसँगको सम्पर्कविच्छेदकै अवस्थामा रहन स्थानीय बाध्य छन् । गण्डकीको भौतिक पूर्वाधार विकास मन्त्रालयले पुल निर्माणका लागि ठेकेदारलाई ताकेता गरिरहेको जनाउँदै आए पनि कामले भने गति लिन सकेको छैन । ***रासस***






७६ औं 'नक्बा दिवस' को अवसरमा मे १५ का दिन पश्चिम किनारको उत्तरमा पर्ने नेब्लस सहरमा आयोजित कार्यक्रममा प्यालेस्टिनी जनता । ७६ वर्षअघि मे १५ कै दिन प्यालेस्टिन राज्य खोसेर युरोपका कब्जाकारीहरूले इजरायलको घोषणा गरेका थिए । यो दिनलाई इजरायलीहरू 'स्वतन्त्रता दिवस' को रूपमा मनाउँछन् भने प्यालेस्टिनीहरू देश गुमेको दिनको रूपमा इजरायली फासीवादको विरोध गर्दै मनाउँछन् । *तस्बिर : अल जजिरा*

# जाजरकोट भूकम्पपीडितलाई बेलायतद्वारा दुई अर्ब १८ करोडभन्दा बढीको सहयोग

काठमाडौँ, ३ जेठ । बेलायत सरकारले जाजरकोट भूकम्पपीडितको सहयोगार्थ रु. दुई अर्ब १८ करोड ४० प्रदान गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, बेलायतको सहयोग नियोग (युके एड) र नेपालस्थित राष्ट्रसङ्घीय कार्यालयले संयुक्तरूपमा बिहीबार जारी गरेको विज्ञप्तिअनुसार भूकम्प प्रभावित क्षेत्रका ५० हजार मानिसलाई स्वच्छ पेयजल, सरसफाइ, पोषण, खाद्य सुरक्षालगायत आवश्यकता सम्बोधन गर्न उक्त रकम प्रदान गरिएको हो ।

बहुसाझेदार कोषमार्फत प्राप्त उक्त सहायता राष्ट्रसङ्घीय कार्यालयका आवासीय संयोजक एवं मानवीय समन्वयकर्ता हाना सिङ्गर हाम्दी नेतृत्वको टोलीले परिचालन गर्नेछ ।

गत कार्तिक १७ गते राति जाजरकोटलाई केन्द्रविन्दु बनाएर ६.४ म्याग्निच्युडको कम्पन हुँदा एक सय ५७ जनाको ज्यान गएको थियो । भूकम्पलगत्तै बेलायत सरकारले रु. आठ करोड ४० प्रदान गरेको थियो । ***रासस***

# विश्वविद्यालय सुधार गर्न छाता ऐन ल्याउनुपर्ने

काठमाडौँ, ३ जेठ । विश्वविद्यालय सुधारका लागि छाता ऐन ल्याउनुपर्नेमा जोड दिइएको छ । अनेरास्ववियुको आयोजनामा भृकुटीमण्डपमा जारी विद्यार्थी महोत्सवको 'विश्वविद्यालय सुधार किन र कसरी' भन्ने बहसका वक्ताहरूले विश्वविद्यालय सुधारका लागि समग्र विश्वविद्यालयका लागि एकै छाता ऐन ल्याउनुपर्ने बताए ।

बहसमा सहभागी हुनुभएका सांसद विद्या भट्टराईले राजनीतिक कारणले विश्वविद्याल नबिग्रेको उल्लेख गर्दै छाता ऐन ल्याउन सके विश्वविद्यालय सुध्रने बताउनुभयो । उहाँले भन्नुभयो, "विश्वविद्यालय नसुध्रिनुको कारण राजनीतिक हो भन्ने कुरा गलत भाष्य निर्माण गरिएको छ । विश्वविद्यालय सुधार्न सोच बदल्नुपर्दछ । समग्र छाता ऐन ल्याएर विश्वविद्यालय सुधार गर्न सकिन्छ ।"

गण्डकी विश्वविद्यालयका कुलपति प्रा. डा. गणेशमान गुरुङले विश्वविद्यालयमा शैक्षिक क्यालेन्डर लागु गर्न सके सुधार गर्न सकिने धारणा राख्नुभयो । उहाँले सरकारले अनुसन्धानलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

शिक्षाविद् डा. अनिमा सिंहले विश्वविद्यालयलाई जीवनोपयोगी शिक्षाको थलो बनाउनुपर्ने बताउनुभयो । ***रासस***

# सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि सम्झौता

सिन्धुपाल्चोक, ३ जेठ । हेलम्बु गाउँपालिकाले आफ्नो पालिकाभित्रका सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि द्विपक्षीय सम्झौता गरेको छ । विद्यालयको शैक्षिक अवस्था खस्किन नदिन गाउँपालिकाले यस्तो उपाय अवलम्बन गरेको बताइएको छ ।

सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि विद्यालयमा अध्ययनरत बालबालिकाको सिकाइ उपलब्धि र उत्तीर्ण दरमा बढोत्तरी गर्दै शिक्षाको गुणस्तरमा अभिवृद्धि र विद्यालयबाट प्रदान गरिने सेवालाई सुशासनमैत्री र नतिजामुखी बनाउनका लागि गाउँपालिकाको शिक्षा विकास तथा समन्वय एकाइ, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको नियमित सुपरीवेक्षणमा रही चालु शैक्षिकसत्र २०८१ मा सम्पादनका लागि नयाँ सर्त राखिएको छ ।

सम्झौतामा भनिएको छ, "देहायका उल्लेखित कार्य सम्पादन गर्दछु भनी यस गाउँपालिकाका शिक्षा अधिकृत धनध्वज लामासमक्ष यो कार्य सम्पादन करार सम्झौता गरेको छु ।"

तोकिएको समयवधिभित्रै विद्यालय सुधार योजना अध्यावधिक र कार्यान्वयन, सामाजिक परीक्षण, लेखापरीक्षण अध्यावधिक, दिवा खाजाको प्रभावकारी व्यवस्थापन, विविध निकायबाट विद्यालयमा प्राप्त भएका बजेट तथा कार्यक्रमको समयमै कार्यान्वयन गरी सम्बन्धित निकायमा पेस गर्नुपर्ने कागजात तथा प्रतिवेदन समयमा पेस गर्ने उल्लेख छ ।

## हार्दिक समवेदना



जन्म: २०१५/१२/२१
निधन: २०८१/०१/२५

भक्तपुर जिल्ला भ.न.पा. वडा नं.१० बेखाल टोल बस्ने यस संस्थाका सदस्यता नं. **१५६००** का सदस्य **लतंकुमार दुवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९९ पुस १५

निधन
२०८१ वैशाख ३१

ख्वप कलेज मानविकी सङ्कायअन्तर्गत समाजशास्त्र विषयका शिक्षक सुनिता गाईसीका ससुरा बुबा **जगतबहादुर पहिजु**को निधनमा मृतकप्रति श्रद्धाञ्जली गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**ख्वप कलेज परिवार**

**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### वैशाख मसान्त सम्मको वित्तीय विवरण

| | |
|---|---|
| शेयर पूँजी | २७,०२,४०,३००।- |
| जगेडा कोष | २२,१६,६६,९०३।- |
| विभिन्न कोषहरू | १,४३,८६,२९१।- |
| कूल संस्थागत पुँजी | २२,१६,६६,९०३।- |
| कूल बचत रकम | २,४०,९२,६०,४६५।- |
| तरलता | १,१६,०२,३८,३९२।- |
| ऋण लगानी | १,७७,४०,५८,७९९।- |
| कूल सम्पत्ति | ३,०९,३९,३४,८७२।- |
| | |
| शेयर सदस्य सङ्ख्या | १६७७० |
| ऋणी सदस्य सङ्ख्या | १७६२ |
| तरलता (प्रतिशत) | ४८.१६% |

व्यवस्थापक

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा